माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजना (२१६ मेगावाट)

# सन्दर्भ र सिकाइ

## (पैरवी पहल)



CSRC

आत्मनिर्भर केन्द्र

माथिल्लो त्रिशूली–१ जलविद्युत् आयोजना (२१६ मेगावाट)

# सन्दर्भ र सिकाइ

## (पैरवी पहल)

CSRC
आत्मनिर्भर केन्द्र

माथिल्लो त्रिशूली–१ जलविद्युत् आयोजना (२१६ मेगावाट)

# सन्दर्भ र सिकाइ

**(पैरवी पहल)**

© **प्रकाशक** : सामुदायिक आत्मनिर्भर सेवा केन्द्र

**लेखक तथा सम्पादन** : रघुनाथ लामिछाने / विश्वास नेपाली

**प्रकाशन सहयोग** : अक्सफाम नोभिव

**प्रकाशन मिति** : २०८० मङ्सिर

**छापिएको प्रति** : १०००

**डिजाइन** : भक्तबहादुर कार्की

**मुद्रण** : प्रिन्ट पोइन्ट पब्लिकेसन, काठमाडौँ

(यस पुस्तकमा प्रयोग भएका तस्बिरहरू सामुदायिक आत्मनिर्भर केन्द्रले विभिन्न अभियान एवं छलफलका क्रममा सङ्कलन गरेको हो ।)

# पुस्तकबारे थोरै

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र विगत ३ दशकदेखि भूमि अधिकारका क्षेत्रमा क्रियाशील सामाजिक संस्था हो । संस्थाले भूमि अधिकारबाट वञ्चितहरूको सचेतीकरण र सङ्गठन, प्रगतिशील भूमि-कृषि व्यवस्थाको पक्षमा जनमत निर्माणका साथै कार्यगत अनुसन्धानसमेत गर्दै आएको छ । संस्थाले सञ्चालन गर्ने जुनसुकै कार्यक्रम जनमुखी भूमि व्यवस्था र दिगो, जैविक र पर्यावरणमैत्री कृषि प्रणाली सुदृढीकरणको लक्ष्यसँग प्रत्यक्षरूपमा गाँसिएको हुनुपर्ने यसको मान्यता छ ।

यसै क्रममा यो संस्थाले अक्सफाम नोभिवसँगको सहकार्यमा १५ अक्टोबर, २०२२ (२०७९ असोज २९) देखि स्वतन्त्र, अग्रिम र जानकारीसहितको मन्जुरी (एफपिक) सम्बन्धी अनुसन्धान फलोअप एवं वकालतीय रणनीतिक कार्यक्रममा सहजीकरण गरिरहेको छ ।

यो कार्यक्रम रसुवा जिल्लाको उत्तरगया र आमा छोदिङ्मो गाउँपालिकामा सञ्चालनमा छ जहाँ नेपाल वाटर एन्ड इनर्जी डेभलपमेन्ट कम्पनीद्वारा माथिल्लो त्रिशूली-१, जलविद्युत् आयोजना (२१६ मेगावाट) निर्माणाधीन छ । यो योजनाले विगतमा १० गाउँलाई धेरै प्रभावित गरेको थियो अहिले यस्ता अति प्रभावित ३ गाउँ थपिएर १३ वटा पुगेका छन् । भविष्यमा प्रभावित गाउँ थपिन सक्ने अवस्था छ ।

यो कार्यक्रमको मुख्य उद्देश्य जलविद्युत् कम्पनीले प्रभावित गाउँ/बस्तीमा स्थानीय आदिवासी जनजातिहरूसँग गरेको त्रिपक्षीय सम्झौता, त्यसको आधारमा भएको एफपिक र त्यसपछि बनेको आदिवासी जनजाति विकास योजना (आइपिपी) कार्यान्वयनका लागि समुदायलाई सशक्त बनाउन मद्दत गर्ने र कम्पनी र स्थानीय सरकारलाई पनि यस विषयप्रति ध्यानाकर्षण गराउने रहेको छ । साथै आइपिपी कार्यान्वयनका लागि स्थानीय समुदायलाई सशक्तीकरण गर्नु पनि यसको अर्को उद्देश्य हो । यो कार्यक्रमले अक्सफाम नोभिवको सहयोगमा अध्येता नवीनकुमार राईद्वारा तयार पारिएको स्वतन्त्र अध्ययन प्रतिवेदनको सुझाव कार्यान्वयनका लागि सहजीकरण गर्न पनि सघाइरहेको छ ।

अहिले माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजना (२१६) बनिरहेको छ । जुन आयोजनाले स्थानीयका जमिन अधिकरण गरेको छ भने उनीहरू विभिन्न प्रकारले थप प्रभावितसमेत बनेका छन् । कतिपय बिस्थापित बनेका छन् भने कतिपय भने पुस्तौँदेखि उपभोग गर्दै आएको जल, जङ्गल र जमिनबाट वञ्चित हुनुपरेको छ । यस कार्यक्रमअन्तर्गत हालसम्म निम्न पहल भएका छन् ः

- अध्येता नवीनकुमार राईद्वारा तयार पारिएको एफपिक अध्ययन प्रतिवेदनको सारांश प्रतिवेदन नेपाली र स्थानीय तामाङ भाषामा प्रकाशन गरेर आयोजना प्रभावित समुदायमा वितरण गरिँदा आयोजना प्रभावित स्थानीय समुदायमा एफपिक प्रक्रिया र कम्पनीले आदिवासी जनजातिका लागि गरेको प्रतिबद्धताअनुसारको आदिवासी जनजाति विकास योजनाका विषयमा बुझ्न मद्दत गरेको छ ।

- आयोजना के हो ? यसले के/कस्तो असर गर्छ ? आयोजनाले गरेको प्रतिबद्धता, स्थानीयसँग लिइएको एफपिक, आयोजना कम्पनीले गरेको प्रतिबद्धताअनुसारको आइपिपी कार्यान्वयन आदिबारे जानकारीमूलक ब्रोसियर र सन्देशमूलक पोस्टर पढ्न सजिलो, सरल भाषा र छोटो विवरण अनि चित्रात्मक पनि भएको हुँदा स्थानीय समुदायलाई यसबारे बुझ्न यो सामग्रीले मद्दत पुगेको छ ।

- स्थानीय प्रभावित गाउँबासीहरूलाई एफपिक प्रक्रिया, आइपिपी बोर्ड, आइपिपी बोर्डले गर्नुपर्ने काम, आदिवासी जनजाति विकास योजनालगायतको विषयमा जानकारी गराउने, सचेतीकरण गराउनका लागि समुदाय तहमा छलफल, तालिम तथा अन्तरक्रियाहरू गरिँदा समुदाय तहमा यसबारेमा जानकारी बढाउन मद्दत पुगेको छ भने आइपिपी बोर्डमा लामो समयदेखि जारी विवादहरू समाधान गर्नका लागि समुदायको चासो र सक्रियता पनि बढ्दै गएको छ । समुदायका अगुवाहरूले विवाद समाधान गरी आइपिपी कार्यान्वयनमा पहल गर्न दबाब पनि बढाउन थालेका छन् ।

- अति प्रभावित गाउँहरूमा गरिएको सर्वेक्षणबाट त्यहाँको घर सङ्ख्या, जनसङ्ख्या स्थिति, शैक्षिक, आर्थिक, सामाजिक, रोजगारी आदि अवस्थाका विषयमा थाहा पाउन मद्दत पुगेको छ । यसबाट कम्पनीले स्थानीयलाई के/कति सहयोग गरेको छ भन्ने बुझ्न पनि सघाउ पुगेको छ । यस्ता तथ्याङ्क समुदाय छलफल, कम्पनी र स्थानीय सरकारसँग हुने विभिन्न

छलफल एवं अन्तरक्रियाहरूमा प्रस्तुत गर्न र पैरवी पहलका लागि सूचना सामग्रीसमेत बन्न सकेका छन् ।

- आत्मनिर्भर केन्द्रले कार्यक्रम सुरुवात भएदेखियता निरन्तर सहजीकरण, संवाद र छलफलहरू गर्दै अघि बढ्दा आइपिपी बोर्डमा जारी विवाद र द्वन्द्व समाधानउन्मुख छ । खासगरी नेतृत्वलाई लिएर जारी विवाद समाधानका लागि छलफल गर्ने, स्थानीय सरकार र कम्पनीका प्रतिनिधिहरूमार्फत अन्तरक्रिया र संवाद गर्नेलगायत कार्य गरी द्वन्द्व अन्त्य गराउने प्रयास जारी छ ।

- लामो समयदेखि अड्किरहेको निर्देशिका तयारीको कार्यमा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको पहल र प्रयासमा सहजीकरण गरी आदिवासी जनजाति विकास योजना सञ्चालन निर्देशिका तयार भएको छ । उक्त निर्देशिका आइपिपी बोर्डमार्फत कम्पनीमा हस्तान्तरण भइसकेको छ । यसले सल्लाहकार परिषद्, आइपिपी बोर्ड, कार्यक्रम समितिहरू, स्थानीय सरकार र आयोजना कम्पनीलाई कार्यक्रम समुदाय तहसम्म लगेर सञ्चालन गर्नका लागि स्पष्ट मार्गदर्शन गर्नेछ । साथै यसले कार्यक्रमलाई पारदर्शीतवरले समुदाय तहसम्म पुऱ्याउनका लागि पनि मद्दत गर्नेछ ।

- आत्मनिर्भर केन्द्रले सञ्चार समन्वयको पाटोलाई पनि प्राथमिकता दिँदै आयोजनामा प्रभावित स्थानीय, आयोजना कम्पनी र आइपिपी बोर्डबीचको सम्बन्ध राम्रो बनाउनका लागि सञ्चारकर्मीहरूको भ्रमण गराउने, छलफल गर्ने र त्यहाँका विषयलाई सञ्चार माध्यममार्फत सार्वजनिक गराउन सहयोग गर्ने काम पनि भइरहेको छ । कम्पनीले स्थानीयसँग गरेको सहमतिअनुसारका काम हुन नसकेको विषयलाई सञ्चार माध्यममार्फत बाहिर ल्याएपछि कम्पनीले पनि अहिले स्थानीयको आवाज सुन्न थालेको छ भने आइपिपी कार्यान्वयनमा चासो देखाएर अघि बढेको छ ।

यसै क्रममा माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजना (२१६) लाई सफल बनाउने र त्यस क्रममा आयोजनाका कारण प्रभावितहरूको विभिन्न सन्धि/कानुन आदिले सुनिश्चित गरेका हक/अधिकार पनि दिलाउन सहजीकरण गर्ने काम जारी छ । माथि उल्लेख गरिएझैँ यसका लागि आयोजना र स्थानीय प्रभावितहरूलाई राखेर छलफल गराउने, आयोजनालाई आफैँले व्यक्त गरेका प्रतिबद्धता स्मरण गराउने तथा प्रभावितलाई हक/अधिकार लिन उत्प्रेरित गर्ने काम पनि भइरहेको छ । जसका लागि सञ्चार माध्यमको भूमिका पनि प्रभावकारी देखिएको छ ।

विगतका यिनै कार्यहरूको प्रभावकारिताका आधारमा स्थानीयलाई आयोजनाका गतिविधि र प्रभावितका हक/अधिकार प्राप्तिमा भइरहेका प्रगतिबारे जानकारी दिलाउन यो पुस्तिका प्रकाशन आवश्यक ठानिएको हो । 'गर्दै सिक्ने' मान्यताका आधारमा तयार पारिएका कारण यो पुस्तकले एकातर्फ आयोजनालाई आफ्ना कमजोरी महसुस भइ आगामी दिनमा त्यसलाई सच्याएर अघि बढ्न मार्गनिर्देश गर्ने र प्रभावितलाई आफ्नो भूमिका निर्वाह गर्न घच्घच्याउने अपेक्षा गरिएको छ ।

अन्त्यमा, यो पुस्तक तयारीमा संलग्न लेखक पत्रकार रघुनाथ लामिछाने, विश्वास नेपाली, पढेर सुझाव दिने डा. जगत बस्नेत, आइपिपीका अध्यक्ष लाक्पा तामाङ र जिल्ला भूमि अधिकार मञ्च, रसुवाका अध्यक्ष भवानीप्रसाद न्यौपाने, नेपाल आदिवासी जनजाति महासङ्घ, जिल्ला समन्वय परिषद् रसुवाका अध्यक्ष लाक्पा तामाङलगायत आयोजना प्रभावित समुदाय, आयोजनाका सम्बन्धित कर्मचारी तथा यो पुस्तक प्रकाशनका लागि आर्थिक सहयोग गर्ने अक्सफाम नोविभलगायत सबैप्रति धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

**जगत देउजा**
कार्यकारी निर्देशक
सामुदायिक आत्मनिर्भर सेवा केन्द्र

# विषयसूची


| | | |
|---|---|---|
| १. | **खण्ड १ : प्रभावित क्षेत्रको पृष्ठभूमि** | १ |
| | - भूगोल | १ |
| | - जनसङ्ख्या | २ |
| | - जनजीविका | ४ |
| २. | **खण्ड २ : रसुवाका जलविद्युत् आयोजना** | ७ |
| | - माथिल्लो त्रिशूली-१ जलविद्युत आयोजना | ८ |
| ३. | **खण्ड ३ :**<br>**त्रिशूली २१६ का कारण स्थानीय आदिवासीमा परेको प्रभाव** | ११ |
| | - बिस्थापन | १२ |
| | - प्रभावित गाउँबासीका जीविका | १३ |
| | - आदिवासीको मर्ममै प्रहार | १५ |
| | - धार्मिक आस्था | १७ |
| | - प्रकृतिसँग सम्बन्ध विच्छेद | १९ |
| | - लैङ्गिक हिंसा | २१ |
| ४. | **खण्ड ४ : एफपिक – सम्झौता र कार्यान्वयन** | २३ |
| ५. | **खण्ड ५ : स्थानीयका आवाज** | २७ |
| | - रोजगारी | २७ |

| | | |
|---|---|---|
| | - हेपाहा प्रवृत्ति | २८ |
| | - ब्लास्टको चर्को मूल्य | ३० |
| | - बिथोलिएको दैनिकी | ३१ |
| | - समस्या यस्ता पनि | ३३ |
| | - मुख्य माग | ३४ |
| ६. | **खण्ड ६ : नीति तथा कानुन** | ३७ |
| ७. | **खण्ड ७ : स्थानीयका मागप्रति आयोजनाको व्यवहार** | ४० |
| ८. | **खण्ड ८ : आयोजना प्रभावित, स्थानीय सरकार र संस्थाहरूको भूमिका** | ४२ |
| ९. | **खण्ड ९ : आयोजना प्रभावितको हक प्राप्तिका लागि चुनौती** | ४६ |
| | - मुख्य सिकाइ | ४७ |

# खण्ड १ :
# प्रभावित क्षेत्रको पृष्ठभूमि

## भूगोल

रसुवा तामाङ बाहुल्य जिल्ला हो । तामाङ भाषामा र को अर्थ भेडा/च्याङ्ग्रा हुन्छ भने सोवाको अर्थ राख्ने ठाउँ भन्ने हुन्छ । यसरी हेर्दा तामाङ समुदायमा परम्परादेखि नै भेडा/च्याङ्ग्रा पाल्ने चलन भएकाले भेडा/च्याङ्ग्रा राख्ने ठाउँका रूपमा रसोवा भनिएको भन्ने भनाइ पाइन्छ ।[१] यही रसोवा बोलीचालीको भाषामा अपभ्रंस हुँदै जाँदा रसुवा भएको बुझाइ छ ।

यस जिल्लाको भूगोललाई खासगरी ३ भागमा वर्गीकरण गर्न सकिन्छ- हिमाली क्षेत्र, लेकाली क्षेत्र र पहाडी तथा बेसी क्षेत्र । हिमाली क्षेत्रमा गणेश, लाङटाङ, लाङटाङ लिरुङ, यलापिक, लाङसिसा खर्कलगायत ५ हजार मिटरभन्दा अग्ला भाग पर्छन् । जहाँ सधैँजसो हिउँ पर्छ । यस्ता पर्वत शृङ्खला पूरै हिमाली क्षेत्रमा पर्छन् ।

समुद्री सतहदेखि २५ सय भन्दा माथिका उच्च पहाडी भाग लेकाली क्षेत्र भनेर चिनिन्छ । यहाँ हिउँदमा हिमपात हुन्छ । लाङटाङ, क्यान्जिङ, गोसाइँ-कुण्ड, लौरीविनायक, चन्दनबारी, माङचेत, मानेदाङ, गञ्जला भञ्ज्याङ आदि यस क्षेत्रमा पर्छन् । यी यस्ता क्षेत्र हुन् जहाँ सधैँजसो ट्रेकिङ (पर्यटन क्षेत्रको भ्रमण) र धार्मिक यात्रा गर्नेहरू आउ/जाउ भइ नै रहन्छन् ।

पहाडी तथा बेसी क्षेत्र भन्नाले समुद्री सतहदेखि २५ सय मिटर भन्दा मुनिको क्षेत्र बुझाउँछ । वेत्रावती, पैरेबेसी, स्याफ्रुबेसी, फलाखु खोलाको किनार, त्रिशूली नदीको किनार क्षेत्र आदि यस क्षेत्रका मुख्य बेसी हुन् । यसबाहेक यो क्षेत्रमा जिल्ला

---

१ रसुवा जिल्लाको सामान्य जानकारी, जिल्ला समन्वय समितिको कार्यालय, रसुवा

सदरमुकाम धुन्चे, गोल्जुङ, गत्लाङ, यार्सा, सरमथली, कालिकास्थान, लहरेपौवा, ठूलोगाउँ आदि पनि पर्छन् ।[२]

रसुवामा ५ वटा स्थानीय तह छन्- उत्तरगया, कालिका, आमा छोदिङ्मो, गोसाइँ-कुण्ड र नौ-कुण्ड गाउँपालिका । यसमध्ये अहिले माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजनाको प्रभावित क्षेत्रमा उत्तरगया गाउँपालिकाको वडा नं. १, कालिका गाउँपालिकाको पनि वडा नं. १ र आमा छोदिङ्मो गाउँपालिकाको भने वडा नं. १ र २ पर्छन् ।

उत्तरगया गाउँपालिका १०४.५१ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ । ५ वटा वडामा विभाजित यहाँको उत्तरगयाधाम प्रसिद्ध तीर्थस्थल हो । त्यसैगरी कालिका गाउँपालिका १२९.५४ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ । ५ वटा वडामा विभाजित यहाँको कालिका माई धार्मिकस्थलका रूपमा परिचित छ । यसरी नै आमाछोदिङ्मो गाउँपालिका ६८३ वर्ग किलोमिटरमा फैलिएको छ । ५ वटा वडामा विभाजित यस पालिकामा चिलिमे, सान्जेन, त्रिशूली जस्ता जलविद्युत् आयोजना छन् । यी सबै पालिकामा यातायातको सुविधा पुगे पनि बाह्रै महिना सहज सवारी सञ्चालनमा भने कठिनाइ छ । पालिकाको नाम आमा छोदिङ्मो (पार्वती कुण्ड) बाट राखिएको हो ।


## जनसङ्ख्या[३]

नेपालको जनसङ्ख्या २ करोड ९१ लाख ६४ हजार ५ सय ७८ छ । जसमा पुरुष १ करोड ४२ लाख ५३ हजार ५ सय ५१ जना छन् भने महिला १ करोड ४९ लाख ११ हजार २७ जना छन् । यसमध्ये तामाङको सङ्ख्या १६ लाख ३९ हजार ८ सय ६६ छ । यो भनेको ५.६२ प्रतिशत हो । जसमा पुरुषको सङ्ख्या ८ लाख ७ सय ६३ छ भने महिलाको सङ्ख्या ८ लाख ३९ हजार १ सय ३ छ । अर्थात तामाङ समुदायमा पुरुष भन्दा महिला ३८ हजार ३ सय ४० जना बढी छन् ।

---

२ भूगोलसम्बन्धी जानकारी रसुवा जिल्लाको सामान्य जानकारी, जिल्ला समन्वय समितिको कार्यालय, रसुवाबाट लिइएको हो ।

३ जनसङ्ख्यासम्बन्धी तथ्याङ्कको स्रोत राष्ट्रिय तथ्याङ्क कार्यालयद्वारा २०७८ मा गरिएको राष्ट्रिय जनगणनाको नतिजा हो ।




राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा सबै भन्दा बढी सङ्ख्या क्षत्रीको छ। त्यसपछि पहाडे ब्राह्मणको छ भने तेस्रोमा मगर समुदायको छ। चौथोमा चाहिँ थारू समुदाय छ। र, पाँचौँमा तामाङ समुदाय आउँछ।

रसुवाको जनसङ्ख्या ४६ हजार ६ सय ८९ छ। जसमा पुरुष २४ हजार ३५ जना छन् भने महिलाको सङ्ख्या २२ हजार ६ सय ५४ छ। यसमध्ये तामाङको जनसङ्ख्या ३२ हजार १ सय २७ छ। जसमा पुरुष १६ हजार २ सय २८ जना छन् भने महिलाको सङ्ख्या १५ हजार ८ सय ९९ छ। यसरी हेर्दा रसुवामा सबै भन्दा बढी जनसङ्ख्या तामाङको छ। रसुवामा तामाङको जनसङ्ख्या ६८.८१ प्रतिशत छ।

आमा छोदिङ्मो गाउँपालिकाको जनसङ्ख्या ६ हजार ६ सय ७३ जना छ। जसमा पुरुष ३ हजार ४ सय ८० जना छन् भने महिलाको सङ्ख्या ३ हजार १ सय ९३ छ। यसमध्ये तामाङको सङ्ख्या ५ हजार ९ सय ९० छ। यसलाई प्रतिशतमा हेर्दा ८९.७६ प्रतिशत हुन आउँछ। जसमा पुरुष ३ हजार १ सय २० जना छन् भने महिला २ हजार ८ सय ७० जना छन्।

उत्तरगया गाउँपालिकाको जनसङ्ख्या ८ हजार ५ सय ५५ जना छ। जसमा पुरुष ४ हजार २ सय ३५ जना छन् भने महिलाको सङ्ख्या ४ हजार ३ सय २० छ। यहाँ

तामाङको सङ्ख्या ३ हजार ८ सय २१ छ। जसलाई प्रतिशतमा हेर्दा ४४.६६ हुन आउँछ। जसमा पुरुष १ हजार ८ सय ९० जना छन् भने महिलाको सङ्ख्या १ हजार ९ सय ३१ छ। यो पालिकाका सम्पूर्ण तामाङमध्ये महिला ४१ जना बढी छन्।

कालिका गाउँपालिकाको जनसङ्ख्या १० हजार १ सय १५ छ। जसमा पुरुष ५ हजार २१ जना छन् भने महिलाको सङ्ख्या ५ हजार ९४ छ। यहाँ तामाङको सङ्ख्या ५ हजार ४ सय २१ छ। यसलाई प्रतिशतमा हेर्दा ५३.५९ हुन आउँछ। जसमा पुरुषको सङ्ख्या २ हजार ६ सय ९० छ भने महिलाको सङ्ख्या २ हजार ७ सय ३१ छ। यहाँका तामाङमध्ये महिला पुरुष भन्दा ४१ जना बढी छन्।

गोसाइँ-कुण्ड गाउँपालिकाको जनसङ्ख्या ७ हजार ७ सय ८८ छ। जसमा पुरुष ३ हजार ९ सय ७३ जना छन् भने महिलाको सङ्ख्या ३ हजार ८ सय १५ छ। यहाँ तामाङको जनसङ्ख्या ६ हजार २ सय ८१ छ। यसलाई प्रतिशतमा हेर्दा ८०.६५ हुन आउँछ। जसमा पुरुषको सङ्ख्या ३ हजार १ सय ५२ छ भने महिलाको सङ्ख्या ३ हजार १ सय २९ छ।

नौ-कुण्ड गाउँपालिकाको जनसङ्ख्या १२ हजार ३ सय ४४ छ। जसमा पुरुष ६ हजार २ सय ९ जना छन् भने महिलाको सङ्ख्या ६ हजार १ सय ३५ छ। यहाँ तामाङको जनसङ्ख्या १० हजार ३ सय ५९ छ। यसलाई प्रतिशतमा हेर्दा ८३.९२ हुन आउँछ। जसमा पुरुषको सङ्ख्या ५ हजार १ सय ८१ छ भने महिलाको ५ हजार १ सय ७८ छ।

यसरी हेर्दा सिङ्गो रसुवा मात्र हैन, यो जलविद्युत् आयोजनाका कारण प्रभावित आमा छोदिङ्मो, उत्तरगया र कालिका गाउँपालिकामा पनि सबै भन्दा बढी जनसङ्ख्या तामाङ समुदायको देखिन्छ।

## जनजीविका

यस जिल्लाको उच्च भागहरूमा भेडा/च्याङ्ग्रा, चौंरीलगायतका पशु पाल्ने चलन छ भने बेसी परेका तथा अन्य पहाडी क्षेत्रमा खेती गरिन्छ। प्रायः भिरालो जमिन भएकाले खेतीपातीमा धान कम उत्पादन हुन्छ भने मकै, कोदोलगायतका बाली बढी उत्पादन हुने गर्छ। विशेषगरी नदी छेउछाउ बस्ने तामाङ समुदायका मानिसचाहिँ माछा मार्ने कार्यमा पनि लागेका छन्। आलु, कालो मुसुरो, सिमी, छुर्पी, हिमाली जडीबुटी

आदि यहाँका प्रख्यात उत्पादन हुन् । पछिल्लो समय स्याउ लगाउने क्रम पनि बढेको छ ।

त्यसबाहेक गोसाइँ-कुण्ड, लाङटाङ आदि घुम्न आउने पर्यटकलाई सेवा प्रदान गरेर जीविका चलाउनेहरू पनि छन् । वेत्रावती, कालिकास्थान, धुन्चे, स्याफ्रुबेसी चिलिमे, टिमुरे र रसुवागढी जस्ता जिल्लाका व्यापारिक केन्द्र तथा नाकाहरूमा व्यापार गरेर तथा होटल व्यवसाय सञ्चालन गरेर जीविकोपार्जन गर्नेहरू पनि यहाँ छन् ।

रसुवा जिल्लामा बिर्ता समस्या पनि अझै सुल्झन सकेको छैन । उपत्यका आक्रमणमा हारेपछि गायत्री पुरश्चरण महायज्ञ गर्न वनारस गएका पृथ्वीनारायण शाहलाई एक सिद्धले रामचन्द्र र कालिकाको मन्दिर बनाए उनको शक्ति बढ्ने बताएको र बनारसबाट फर्किएपछि पृथ्वीनारायण शाहले रसुवाको लहरेपौवाको वेत्रावतीमा रामचन्द्रको र धैबुङको कालिकास्थानमा कालिकाको मन्दिर बनाउन लगाइ वरिपरिका जग्गा ती मन्दिरको व्यवस्थापनका निम्ति तोकेका थिए ।

नेपालका प्रथम प्रधानमन्त्री रङ्गनाथ शर्मा पौडेलका भाइ जयमङ्गल शर्मा (जो लमजुङबाट आएका थिए) लाई ती क्षेत्रका करिब १७ हजार रोपनी जग्गा दिएर त्यसको आयस्ताबाट मन्दिर व्यवस्थापन गर्न शाहले आदेश दिएका थिए । राजाको हुकुमप्रमाङ्गीमा वितरण भएको जग्गा कुश बिर्ताका नामले चिनिन्थ्यो । मन्दिरको व्यवस्थापन र सञ्चालनका लागि भनिएका जग्गा कालान्तरमा शर्माका भाइ/भतिजा र सन्ततिहरूले आफ्नो इच्छाअनुसार किसानलाई 'चार दाम ठेकी' लिएर वितरण गरेका थिए । भिर पाखो, जङ्गल, चरन चौर, बगर मात्र भएको र उब्जाउ नभएको जमिनलाई किसानले उब्जाउयुक्त जमिनका रूपमा बदलेका थिए । सँगसँगै तत्कालीन राजाले गोसाइँ-कुण्ड तीर्थयात्रा जाँदा नुवाकोट राज्यअन्तर्गत पर्ने आँखाले देखे जति अन्य जमिन हातको इसाराले आफ्ना सहयोगी र पुरोहितहरूलाई छुट्याइदिएका थिए ।

यस्तै, साविक हाकु गाविस वडा नं. २,३,४,५,६ र ७ (हाल आमा छोदिङ्मो गाउँपालिका वडा नं. १ र २) मा गुठी समस्याले किसान पीडित छन् । उनीहरूले जोतभोग गर्दै आएको जमिन काठमाडौँस्थित स्वयम्भुघ्याङ गुठीको नाममा छ । खासमा यो जग्गा स्थानीय किसानकै भएर पनि उनीहरू स्वामित्वबिहीन छन् । किसान आफूले पुस्तौँदेखि जोतभोग गर्दै आएको जग्गा आफ्नो नाममा बनाउनका लागि लामो समयदेखि सङ्घर्ष गर्दै आइरहेका छन् । हाल माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजना निर्माणका क्रममा उपयोग गरिएको अधिकांश क्षेत्र पनि गुठीअन्तर्गतकै

जग्गा पर्छ । आयोजनाले जग्गा अधिग्रहण गर्दा जग्गा धनीलाई दिनुपर्ने क्षतिपूर्तिको रकम पनि किसानले ज्यादै थोरै मात्र पाएका थिए भने स्वयम्भुघ्याङ गुठीले बढी लिएको थियो । यसबाट स्थानीय आदिवासी किसानले एकातिर पुस्तौँदेखि जोतभोग गर्दै आएको जमिन गुमाउनुपरेको थियो भने अर्कोतर्फ मुआब्जा पनि ज्यादै कम स्वीकार गर्न बाध्य हुनुपरेको थियो ।

उत्तरगया गाउँपालिका वडा नं. १ अन्तर्गत मैलुङ, गोगने, तिरु, डाँडागाउँका बस्तीहरू, कालिका गाउँपालिका वडा नं. १ गुम्चेतका ओडारबासीलगायत गत २०७२ सालको भूकम्पको कारण बिस्थापित भएका थिए । उनीहरू हाल उत्तरगया गाउँपालिका, कालिका गाउँपालिका र नुवाकोट जिल्लामा समेत स्थानान्तरण भई केही पुनर्बासमा गएका छन् भने केही अझै पनि अस्थायी टहरोमै बसाबोस गरिरहेका छन् । तिरु, गोगने र मैलुङका बिस्थापितहरू उत्तरगया-५ को खाल्टे र नुवाकोटको इनारपाटीमा अस्थायी शिविरमै बसोबास गर्दै आइरहेका छन् । यी बिस्थापित गाउँहरू २०७२ को भूकम्पमा नराम्ररी प्रभावित भएका थिए । जसले उनीहरूको जीविकोपार्जनमा समेत असर परेको छ ।

## खण्ड २ :

# रसुवाका जलविद्युत् आयोजना

रसुवामा थुप्रै नदी छन् । त्रिशूली नदीको मुहान हिन्दुहरूको प्रसिद्ध धामिर्कस्थल गोसाइँ-कुण्ड हो । भाटेकोसीचाहिँ चीनको स्वशासित क्षेत्र तिब्बतबाट बगेर आउँछ । यसबाहेक चिलिमे, नेसिङ, मैलुङ जस्ता धेरै ससाना नदी त्रिशूलीमै मिसिन्छन् ।

यहाँ २२ मेघावाट क्षमताको चिलिमे जलविद्युत् कम्पनी लिमिटेडद्वारा उत्पादित विद्युत् राष्ट्रिय प्रसारण लाइनमा जोडिएको छ । यसबाहेक १११ मेघावाटको रसुवागढी जलविद्युत् आयोजना, ७६ र ४६ मेघावाट क्षमताको सान्जेन जलविद्युत् आयोजना ए र बिलगायत १८ वटा जलविद्युत् आयोजना सञ्चालनमा छन् । जसमध्ये क्षमता र लगानीका हिसाबले सबै भन्दा ठूलोचाहिँ २१६ मेघावाट क्षमताको माथिल्लो त्रिशुली-१ जलविद्युत् आयोजना हो ।

**रसुवास्थित जलविद्युत् आयोजना**

| आयोजनाको नाम | वाट | सर्भे अनुमति पाएका आयोजना |
|---|---|---|
| माथिल्लो त्रिशूली-१ | २१६ | लाङटाङखोला (३१०) |
| रसुवा भोटेकोसी | १२० | मध्य मैलुङ (१३) |
| रसुवागढी | १११ | माथिल्लो लाङटाङ (२४.३५) |
| सुपर सान्जेन | ७८ | माथिल्लो त्रिशूली १, क्यासकेड (२४.६) |
| सान्जेन | ४२.५ | भोटेकोसी (३५.५) |
| लाङटाङ खोला | २० | घट्टेखोला (४.८) |
| माथिल्लो सान्जेन | १४.८ | माथिल्लो त्रिशूली (४.३) |
| फलाखु खोला | १४.७ | त्रिशूली खोला 'स्मल' (८) |

| | | |
|---|---|---|
| माथिल्लो मैलुङ खोला | १४.३ | गुप्चे खोला (७.८) |
| माथिल्लो मैलुङ 'ए' | ६.४२ | |
| न्यामन्याम | ६ | |
| फलाखु खोला | ५ | |

(हिमाल खबर, २०७८ पुस ९)

## माथिल्लो त्रिशूली-१ जलविद्युत आयोजना

माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजना नेपालकै तेस्रो ठूलो जलविद्युत् आयोजना हो । यो प्रत्यक्ष वैदेशिक लगानीमा निर्माण हुन लागेको कम्पनी पनि हो । आयोजनाको डाइभर्सन बाँध भोटेकोसी नदी र गोसाइँ-कुण्ड नदीको सङ्गम खोदल र गोम्बोखर्कमा पर्छ । १०१ मिटर चौडाइमा फैलिएको बाँधले २.१ हेक्टर जमिन ओगट्नेछ । डाइभर्सन बाँधबाट त्रिशूली नदीको १५ किलोमिटर टाढा पर्ने मैलुङ र त्रिशूली नदीको सङ्गम मैलुङमा पावर हाउस बनाइएको छ ।


आयोजनाको कुल लागत ६४७.४ मिलियन अमेरिकी डलर (करिब ६३ अर्ब रुपियाँ) हुनेछ । त्यसमध्ये १९४.२ मिलियन (करिब १९ अर्ब रुपियाँ) सेयर र ४५३.२ मिलियन डलर (करिब ४४ अर्ब रुपियाँ) ऋणबाट जुटाइनेछ । यो आयोजनामा नेपाल वाटर एन्ड इनर्जी डेभलपमेन्ट (एनडब्लुइडिसी) कम्पनीको ३० प्रतिशत (१९४.२ मिलियन अमेरिकी डलर) सेयर छ । यो आयोजनामा बहुसङ्ख्यक कोरियाली कम्पनीहरू (कन्सोर्टियम) छन्, जसको ७५ प्रतिशत लगानी छ । यस्तै स्थानीय साझेदारको १० प्रतिशत लगानी छ । र आइएफसी १५ प्रतिशतको सेयर होल्डर र आयोजनाका लागि ऋणको प्रबन्ध मिलाउने संस्था हो ।[४]

यो आयोजना अहिलेसम्मकै ठूलो वैदेशिक लगानीमा बन्न लागेको हो । आयोजनाको कुल लागत ६४७.४ मिलियन अमेरिकी डलर हुनेछ । आयोजना विकास सम्झौताअनुसार कम्पनीले ३० वर्ष आयोजना सञ्चालन गर्नेछ । आयोजनाको

४ नेपालमा स्वतन्त्र, अग्रिम र जानकारीसहितको मन्जुरी (एफपिक), अध्ययन प्रतिवेदन २०२२, सिएसआरसी

इन्जिनियरिङ, खरिद र निर्माण ठेकेदारमा, मुख्य निर्माण चरणका लागि इपिसी कन्स्ट्रक्सनका रूपमा दक्षिण कोरियाको डुसान हेभी इन्डस्ट्रिज एन्ड कन्स्ट्रक्सन रहेको छ भने पावर चाइना सब-इपिसी ठेकेदारका रूपमा छ । लगानीकर्तामा आइएफसी, एडिबी, एआइआइबी, के-एक्जिम, केडिबी, सिडिसी, एफएमओ, प्रोपरको र ओएफआइडी गरी ९ वटा बैङ्क छन् ।

**कम्पनी संरचना**




(स्रोत : एनडब्लुइडिसीको वेबसाइटबाट)

यो आयोजना विक्रम संवत् २०६३ सालमा सुरु भएको हो । यसपछिका ४ वर्षमा रणनीतिक लगानीकर्ताले वातावरणीय प्रभाव अध्ययन (इआए) तयार गर्न अनुमति पाएका थिए । त्यसपछि आयोजनाले सरकारले तोकिदिएको मुआब्जा दिएर स्थानीय आदिवासी तामाङ समुदायको जमिन लिएको थियो । यसपछि बल्ल एफपिक सम्झौताका लागि आइपिपीका पदाधिकारीसँग छलफल थालिए । जबकि यस्ता छलफल उनीहरूका जग्गा लिनुअघि नै हुनुपर्थ्यो ।

आयोजना सुरु भएको १२ वर्षपछि बल्ल २०७५ कात्तिक १५ गते आयोजनाले त्रिपक्षीय सम्झौता गऱ्यो । जसमा आयोजना प्रभावित १० गाउँमा गठित सल्लाहकार परिषद्का सदस्य, स्थानीय सरकारका प्रतिनिधि (वडाध्यक्षहरू) र कम्पनीका प्रतिनिधि

सहभागी थिए । त्यसपछि आयोजनाले भौतिक संरचनाहरू निर्माणलाई तीव्रता दिएको थियो । सुरुङ खन्ने, क्रसर प्लान्टहरू राख्ने, गोदामहरू निर्माण गर्ने जस्ता काम जारी रहे । जुन कार्य अहिले पनि जारी छ ।

खासमा यो योजना सुरुमा थोरै मेघावाट निकाल्ने उद्देश्यले सुरु भएको थियो तर सुरु गरिएको ४ वर्षपछि क्षमता विस्तार गरी २१६ मेघावाट पुऱ्याइएको थियो । यसरी योजना ठूलो भएपछि त्यसको प्रभाव क्षेत्र पनि ठूलै हुनु स्वाभाविक हो । क्षमता विस्तार भएसँगै स्थानीयहरू यो आयोजनालाई छोटकरीमा त्रिशूली २१६ भनेर सम्बोधन गर्छन् ।

नेपाल वाटर एन्ड इनर्जी डेभलपमेन्ट नेपालमा कम्पनी ऐन २०५३ बमोजिम २०५९/०१/१० गते दर्ता नं. १८५२२-०५८/५९ र औद्योगिक व्यावसाय ऐन, २०४९ को (संशोधन २०५४) दफा १० बमोजिम उद्योग विभागमा मिति २०६८/०४/०९ मा दर्ता नं. १३०९७-०६८/६९ मा नेपाल सरकारमा विधिवत दर्ता भई सञ्चालनमा आएको छ । कम्पनीले २०६८ सालदेखि आयोजनाको विकास सुरुवात गरेको छ ।

# खण्ड ३ :

# त्रिशूली २१६ का कारण स्थानीय आदिवासीमा परेको प्रभाव

नेपाली बृहत् शब्दकोशका अनुसार आदिवासी भन्नाले कुनै भूभाग, देश वा स्थानमा पहिलेदेखि नै बसोबास गरिआएको जाति बुझिन्छ । जसलाई आदिम निवासी, आदिम जाति आदिले पनि सम्बोधन गरिन्छ ।[५] यसैगरी सर्वोच्च अदालतका अनुसार आदिवासी भन्नाले आफ्नो मातृभाषा र परम्परा, रीतिरिवाज, छुट्टै सांस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको जाति वा समुदाय सम्झनुपर्छ ।[६] नेपालमा ५८ जातजाति आदिवासी बसोबास गर्छन् । जसमा तामाङ पनि एक हो ।[७]

आदिवासी तथा जनजातिसम्बन्धी महासन्धि १९८९ (नं. १६९) ले चाहिँ आदिवासी पहिचानका लागि वस्तुगत आधारका रूपमा 'त्यस्तो आवादीका सन्तान जो पराजित भएको, उपनिवेश बनेको वा वर्तमान राज्यको सिमाना बनेको बेलाको मुलुक वा भौगोलिक क्षेत्रमा बसोबास गर्दथे', कानुनी हैसियत जे/जस्तो भए पनि उनीहरूले आफ्ना केही वा सबै सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक संस्थालाई कायम राखेका हुन्छन्' लाई लिएको छ ।[८] यसरी हेर्दा आफ्नै संस्कृति, भाषा, जीवनशैली र संस्कारमा रमाउने प्राकृतिक स्रोतमा आधारित जीवन पद्धतियुक्त मानिस नै आदिवासी हो भन्न सकिन्छ ।

---

५ नेपाली बृहत् शब्दकोश, प्रज्ञा प्रतिष्ठान

६ जनजातिको अधिकार एवं उपचारसम्बन्धी जानकारी पुस्तिका, २०७४, सर्वोच्च अदालत


७ आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८

८ आदिवासी तथा जनजातिसम्बन्धी महासन्धि १९८९ (नं. १६९) सम्बन्धी जानकारी, अन्तर्राष्ट्रिय श्रम मापदण्ड विभाग

नवीनकुमार राईको अध्ययन प्रतिवेदनअनुसार यो आयोजनका कारण प्रत्यक्ष प्रभावित हुने २१ गाउँ पहिचान गरिएका छन् । जसमध्ये १० वटालाई अति प्रभावित (३ वटा पछि थपिएको) मा समावेश गरिएको छ । यी अति प्रभावित १३ गाउँमध्ये आमा छोदिङ्मो गाउँपालिकाको वडा नं. १ मा पर्ने थाङ्कु, कक्सिङ, फूलबारी, सानो हाकु, ठूलो हाकु, लुम्बुडाँडा-गोर्सुम्बा र २ मा पर्ने नेसिङ र ग्रे छन् । त्यसैगरी उत्तरगया गाउँपालिकाको वडा नं. १ मा पर्ने मैलुङ्, गोगने, तिरु र डाँडागाउँका बाँकी गाउँ (साविक डाँडागाउँ गाविसका वडा नं. ७, ८ र ९) छन् भने कालिका गाउँपालिकाको वडा नं. १ स्थित गुम्चेत पनि पर्छ । यी यस्ता गाउँ हुन् जहाँ आदिवासी तामाङ समुदायको बाहुल्यता छ ।

## बिस्थापन

यो आयोजनाले १०७.९९ हेक्टर (२१२२-११-१-१ रोपनी) जमिन अधिग्रहण गरेको छ । जसमध्ये ५.०५ हेक्टर (९९-४-०-३ रोपनी) निजी हो भने १५.५३ हेक्टर (३०५-४-०-४ रोपनी) गुठीको नाममा रहेको जमिन हो । स्मरणीय छ, यहाँका आदिवासी तामाङ समुदायले पुर्खौंदेखि खनजोत गरिआएका जमिन विभिन्न धार्मिक संस्थाका गुठीका नाममा रहेकाले त्यसलाई आफ्नो स्वामित्वमा ल्याउन वर्षौंदेखि आन्दोलन चलिरहेको थियो ।



आत्मनिर्भर केन्द्रले जिल्ला भूमि अधिकार मञ्च, रसुवामार्फत विक्रम संवत् २०६३ वर्षदेखि यस्ता जमिन जोत्नेको स्वामित्वमा ल्याउन सङ्घर्ष गरिरहे पनि अहिले उनीहरूको नाममै नआइ सिधै आयोजनाले लिएका कारण गुठी जमिनमा खनजोत गरेर जीविकोपार्जन गर्नेहरू थप मर्कामा परेका छन् ।[९]

यसरी आयोजनाले जमिन अधिग्रहण गरेका कारण यहाँका अति प्रभावित गाउँका १ सय ५४ परिवारले आयोजनालाई जमिन दिएका छन् । जसबाट ६ सय १९ जना प्रत्यक्ष प्रभावित बनेका छन् । यो विक्रम संवत् २०७२ सम्मको तथ्याङ्क भएकाले त्यसपछि पनि थप जग्गा अधिग्रहण गरिएको छ । त्यसैले जग्गाबिहीन परिवारको सङ्ख्या बर्सेनि बढिरहेको छ ।

विस्थापन हुनेहरू विभिन्न ठाउँमा छरिएर बसेका छन् । कोही जमिन किनेर सोही गाउँमा घर बनाइ बसेका छन् भने कोहीचाहिँ मुआब्जाबापत दिइएको रकम जग्गा किन्न अपुग भएर वा उपचारलगायतका अन्य काममा खर्च भएर जग्गाबिहीन भएका छन् । कतिपय चाहिँ आफूले छाड्नुपरेको जमिनको कानुनी स्वामित्व नभएका कारण मुआब्जा नै नपाएपछि जग्गाबिहीन अवस्थामा छन् । केही परिवार आफन्तको जग्गामा टहरा बनाएर जेनतेन निर्वाह गरिरहेका पाइन्छन् भने केहीचाहिँ अहिले पनि कोठा भाडामा लिएर बसेका छन् । त्यसैले जग्गाबिहीनहरूको बसाइ व्यवस्थित छैन ।

## प्रभावित गाउँबासीका जीविका

आदिवासी तामाङ समुदाय खेतीपाती र पशु पालनमा निर्भर थिए । त्यसबाहेक त्रिशूली नदीमा माछा मार्नु उनीहरूको जीविकोपार्जनलाई सहज तुल्याउने अर्को मार्ग थियो । त्रिशूली नदीको उकास (बगर) मा खेती लगाएर खाद्यान्न जुटाउने पनि धेरै थिए । जब उनीहरू थातथलो छाडेर अन्यत्र जानुपऱ्यो, खेतीपातीको सम्भावना नै भएन । निर्माण कार्यमा प्रयोग हुने रसायन, भत्काउँदा र बनाउँदा निस्कने धुलो तथा ब्लास्ट गर्दा निस्कने चर्को आवाजका कारण माछा लोप भए । जसले गर्दा उनीहरूको जीविकोपार्जन सङ्कटोन्मुख बन्दै गएको छ । साथै आयोजना निर्माणको कारण स्थानीयको पशु चरिचरण क्षेत्रहरूमा पनि नकारात्मक प्रभाव बढ्दै गएको छ ।

---

९ राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालका रसुवा अध्यक्ष भवानीप्रसाद न्यौपानेसँग गरिएको कुराकानीमा आधारित

उत्तरगया गाउँपालिका-१, गोगनेका आयोजना प्रभावित केसाङ तामाङको गुनासो छ- त्रिशूलीको बगरमा खेतीपाती गर्थ्यौं । त्यसले जीविकोपार्जनमा थोरै भए पनि राहत मिलेको थियो । तर अहिले यस्ता बगरमा आयोजनाले आफ्ना निर्माण सामग्री राख्ने, भौतिक पूर्वाधार निर्माणका क्रममा निकालिएका/निस्केका ढुङ्गा/माटो थुपार्ने गर्दा खेती गर्न बन्द भएको छ । यस्तो अवस्थाले हाम्रो जीविकामा पुऱ्याएको असर कसले हेर्ने ?[१०]

पहिले त आफ्नो जमिन नहुँदा पनि गुजारा चल्थ्यो । प्रशस्त वन भएकाले त्यहाँ पाइने वनजन्य चिजविज सिस्नो, निग्रो आदि खाएर पनि जीविका चल्थ्यो । अब त त्यसरी चाहार्ने वन पनि आफ्नो नियन्त्रणबाट फुत्किएकाले जीवन धान्न कठिन हुने स्थानीयको दुःखेसो छ । 'पहिले पहिले हाम्रा मेमे (हजुरबा) हरूले सिस्नो खाएर बाँचेका सुनेका थियौं, हामीले त त्यही सिस्नो खाएर पनि बाँच्न पाइएला जस्तो छैन, जल, जमिन र जङ्गल नै आफ्नो नियन्त्रणमा नभएपछि के गर्नु अब ?'- उत्तरगया गाउँकार्यपालिका सदस्यसमेत रहेका पूर्ण घलेको चिन्ता जायज छ । एकातिर मेमेहरूकै पालामा फर्किनुपर्ने हो कि भन्ने चिन्ता अर्कोतिर त्यसरी फर्किँदा पनि प्राकृतिक स्रोतबाट मेमेहरूले लिएको जति पनि लाभ लिन नसकिने भयले आक्रान्त छन् उनीहरू । जुन सवाल गम्भीर छ ।

जमिन लिएबापत आयोजनाले क्षतिपूर्ति दिएको थियो प्रभावित घर/परिवारलाई । कतिपयसँग आफूले पुस्तौंदेखि कमाइआएको जमिनको कानुनी स्वामित्व नभएका कारण क्षतिपूर्ति पाउने अवस्था नै भएन । जसले पाए, उनीहरूले पनि उचित पाएनन् । आयोजनाले सरकारी अधिकारीसँग मिलेर निर्धारण गरेको क्षतिपूर्ति दिइयो अर्थात उनीहरूले आफ्नो सम्पत्तिको मूल्य कति हो भनेर नै तोक्न पाएनन् । त्यसैले धेरैजसोलाई उपलब्ध गराइएको रकमले बसोबासका लागि अन्यत्र जग्गा किन्नसमेत पुगेन । जसले घडेरीसमेत किने उनीहरूले खेतीपातीका लागि जमिन किन्न सकेनन् । यस्तो अवस्थाले पनि आयोजना प्रभावित आदिवासीको जीविकामा असर पुग्यो । उत्तरगया गाउँपालिका-१ स्थित गोगनेका नोरसिङ्की तामाङको प्रश्न निकै मार्मिक छ- हामीले आफ्नो भएभरको जग्गा आयोजनालाई सुम्प्यौं, त्यसबापत उसले केही पैसा दियो । त्यसले जमिन किन्न पुगेन, यसो गर्दा उसो गर्दा सकियो, कहाँ गयो कहाँ ? अब कहाँ बस्ने हामी ?

---

१० सिएसआरसीद्वारा आयोजित स्वतन्त्र, अग्रिम र जानकारीसहितको मन्जुरी (एफपिक) सम्बन्धी तालिम (२०८०, जेठ २१-२३) मा व्यक्त विचारमा आधारित

# आदिवासीको मर्ममै प्रहार

आफ्नै रीतिथिति, भाषा, वेशभूषा तथा रहनसहनमा आधारित जीवन पद्धति अङ्गालेकै कारण तामाङ समुदाय आदिवासीको पहिचान बनाउन सफल भएका हुन् । तर जब पुर्ख्यौली थातथलो छाडेर बिस्थापन हुन बाध्य हुनुपऱ्यो त्यसपछि आदिवासी तामाङ समुदाय तितरबितर हुन पुगे ।

आदिवासी तामाङ जाति समुदायमा आधारित रीतिरिवाज र संस्कृतिमा निर्भर छ । समुदायलाई व्यवस्थितरूपले सुसञ्चालन गर्न यो जातिमा आफ्नैखालका रैथाने संस्था प्रचलनमा छन् । जसले समाजलाई अनुशासित र मर्यादित मात्र बनाउँदैन, मौलिकताको संरक्षणसमेत गर्दै आएका छन् । यस्ता संस्थामध्ये ताम्बा, बोम्बो, लामा र चोहो[११] प्रमुख छन् ।

तामाङ जातिका रैथाने संस्थामध्ये ताम्बाले तामाङको इतिहास, संस्कृतिको व्याख्या गर्दै यसको संरक्षणमा समेत उल्लेख्य भूमिका निर्वाह गर्छन् । यो समुदायमा जन्मदेखि विवाहसम्मका जति पनि सांस्कृतिक रीतिरिवाज सम्पन्न गरिन्छन्, ती सबैमा ताम्बाको भूमिका हुन्छ । अहिले त तामाङ वंशावली तथा परम्पराबारे थुप्रै लिखित अभिलेखहरू उपलब्ध छन् । जतिखेर यस्ता विषय लिखितरूपमा पाइँदैनथे, त्यतिबेला यी ऐतिहासिक धरोहर मौखिकरूपमा बचाउने काम यिनै ताम्बाले गर्थे । उनीहरूले गीत, कथा, कविता आदि माध्यमद्वारा तामाङ संस्कृति र परम्परा बचाउँदै आएका थिए । खासगरी चाडपर्व, उत्सव आदिमा उनीहरूले गाउने गीतलाई ताम्बाला ह्वाइ (ताम्बाको गीत) भनिन्छ ।

बोम्बो तामाङ जातिको अर्को रैथाने संस्था हो । बोम्बो भन्नाले बोन धर्मको गुरु बुझिन्छ । बोम्बोले तामाङ बिरामी परेमा झारफुक गर्ने, बिरामी निको पार्न तान्त्रिक शक्तिको माध्यमबाट देवीदेवतालाई खुसी तुल्याउने र कतिपय अवस्थामा जडीबुटी पनि प्रयोग गर्ने चलन छ । त्यति मात्र हैन, समाजमा कुनै विघ्न/बाधा आइपरेमा यिनै बोम्बोले तान्त्रिक शक्तिद्वारा त्यसलाई रोक्ने विश्वास पनि यो जातिमा प्रगाढ छ । बोम्बो बोन धर्मको प्रचारक पनि हुन् ।

---

११ तामाङ जातिका रैथाने संस्थाहरूबारे उल्लिखित जानकारीहरू मोहन गोलेद्वारा लिखित तामाङ समाजको मौलिक संस्कृति नामक कृतिमा आधारित छन् ।

लामा तामाङ जातिमा निकै प्रचलित शब्द हो । मानिसको मृत्युपछिका कर्मकाण्ड गर्नेदेखि बुद्ध धर्मअनुसार मृतकलाई मुक्ति दिने कामसमेत लामाको जिम्मेवारीभित्र पर्छ । लामाले बुद्ध दर्शन प्रचार गर्ने, हिंसात्मक गतिविधि नियन्त्रका लागि भूमिका निर्वाह गर्ने र समाजमा शान्ति, अमनचयन कायम राख्न भरमग्दुर प्रयास गर्ने काम पनि गर्छन् ।

चोहो भन्नाले गाउँको मुखिया, समाजको व्यवस्थापनको जिम्मेवारी लिने मुख्य व्यक्ति भन्ने बुझिन्छ । तामाङ समाजलाई सहीरूपमा सञ्चालन गर्न बनाइने समिति नै चोहो प्रणालीका रूपमा चिनिन्छ । यो संस्था यति महŒवपूर्ण हुन्छ कि जसले तामाङ समुदायका अन्य रैथाने संस्थाहरू ताम्बा, बोम्बो र लामालाई समेत व्यवस्थित गर्छ । यीमध्ये कसैले कसैको काममा हस्तक्षेप गरे उसलाई दण्डित गर्ने जिम्मेवारीसमेत चोहोलाई हुन्छ । अनि यिनीहरूबीच कुनै विवाद उत्पन्न भएमा समाधान गर्ने काम पनि चोहोकै हुन्छ ।

यो यस्तो प्रणाली हो जसका माध्यमबाट समाजलाई सुव्यवस्थितरूपले सञ्चालन गर्न तामाङ समुदायले आफ्नै विधि र प्रक्रिया प्रयोग गर्छन् । जसअन्तर्गत समाजको सामाजिक, प्रशासनिक एवं न्यायिक व्यवस्थापन हुने गर्छ । नाङखोर यो प्रणालीको महत्त्वपूर्ण अवसर हुने गर्छ । गाउँसभाका रूपमा चिन्न सकिने नाङखोर वर्षमा एक पटक आयोजना हुन्छ । विशेषगरी भूमेपूजाका दिन आयोजना हुने नाङखोरले आफ्नो नेता चुन्छ अर्थात चोहो निर्वाचित गर्छ । जसले वर्ष दिनसम्म गाउँमा मुखियाको भूमिका निर्वाह गर्छन् ।

चोहो प्रणालीमा समाजलाई व्यवस्थित तुल्याउन जिम्मेवारीसहित अन्य सदस्य पनि चुनिन्छन् । चोहोअन्तर्गत रहने यस्तो समितिमा आर्थिक पक्ष हेर्ने कोषाध्यक्षका रूपमा मुल्मी हुन्छ भने योगसाधना सम्पन्न व्यक्तिलाई ङाप्ता पद दिइन्छ । त्यसैगरी दोप्ता भनिने पदमा विद्वान् व्यक्ति चुनिन्छन् भने गाउँको भद्रभलाद्मीको प्रतिनिधित्व गर्ने व्यक्ति गान्बा पदमा रहन्छन् । इतिहास अर्थात पुर्ख्यौली जान्ने मान्छे ताम्बाका रूपमा चुनिन्छन् भने सचिव गौराइका रूपमा चिनिन्छन् ।

तामाङ समुदायमा सामूहिक स्वामित्व र उपभोगमा रहने किपट भूमि उन्मूलन भएसँगै चोहो प्रणाली पनि क्रमशः खिइँदै गएको देखिन्छ । किनकि चोहो प्रणाली टिक्ने आर्थिक आधार किपट भूमि नै थियो । तर पनि चोहोको काम मुल्मी (गाउँको मूल

मान्छे) ले गर्न थालेकाले यसलाई चोहो प्रणालीकै निरन्तरताका रूपमा लिन सकिन्छ। तर फरकचाहिँ यो छ कि चोहो प्रणालीमा व्यक्ति भन्दा पनि समूह (समिति) हाबी हुन्थ्यो भने मुल्मीचाहिँ व्यक्ति हावी हुने अवस्था हो। यसरी हेर्दा तामाङ समुदायलाई व्यवस्थितरूपले सञ्चालन गर्न कुनै न कुनै रूपमा आफ्नैखाले विशिष्ट संस्था रहने गरेको देखिन्छ।

तामाङ समुदाय आदिवासीमा पर्नुका विभिन्न कारणमध्ये एउटा यो समुदायमा यस्ता रैथाने प्रथा कायमै रहनु पनि हो। यस्ता प्रथा समाजमा आधारित भएकाले यो कायमै रहन समाज आवश्यक पर्छ। जब एकै ठाउँमा बसेकाहरू आयोजनाकै कारण बिस्थापन भएर तितरवितर भएपछि यस्ता संस्था पनि तितरवितर हुनु स्वाभाविकै हो। आफ्नो थातथलोबाट बिस्थापन गरिनुअघि उनीहरूलाई दिइने मुआब्जाबारे मात्र सोचियो तर आदिवासीका यी विशिष्ट अवस्थालाई कसरी कायम राख्ने भन्नेबारे सोचिएन। यस्ता संस्थाका मुखिया अर्थात अगुवाइ गर्नेसँग यसलाई कसरी जीवन्त तुल्याउन सकिन्छ भन्नेबारे कुनै छलफलसमेत भएन। आदिबासी जनजाति विकास योजना सञ्चालन बोर्डका अध्यक्ष लाक्पा तामाङ भन्छन्- यी कार्यहरूले गर्दा आदिवासीको सांस्कृतिक अर्थात रैथाने संस्थाहरूमाथि प्रहार हुन पुग्यो।

जतिबेला समाज नियन्त्रणका लागि ऐन, कानुन आदि थिएनन्, त्यतिबेलादेखि नै यो समुदायमा समाजलाई व्यवस्थित र मर्यादित तुल्याउने उद्देश्यले चोहो प्रणाली अपनाइनुले तामाङ कति दूरदर्शी र अनुशासनमा विश्वास गर्ने समुदाय रहेछ भन्ने पुष्टि हुन्छ। जसको प्रभाव अहिले पनि यो समुदायको बसोबास भएका क्षेत्रमा जीवितै देख्न पाइन्छ। तर रसुवाका आदिवासीका हकमा भने आयोजनाले यो पक्षबारे नसोच्नु दुःखद भएको नेफिनका जिल्ला अध्यक्ष लाक्पा तामाङ र कोषाध्यक्ष राजकुमार थापा मगरको भनाइ छ।

## धार्मिक आस्था

आदिवासी तामाङ समुदायमा ज्योहो शब्द निकै प्रचलित छ। यो भनेको तामाङ समाजको आस्था र विश्वासको प्रतीक भूमि देवता हो। आदिवासीहरू भूमिको पूजा गर्छन्। यसरी भूमिको पूजा गर्नुको अर्थ जन्म दिने आमा र त्यसपछि हुर्कन, खेल्न दिने भूमिमा केही फरक छैन भन्ने बुझाइले काम गरेको देखिन्छ।

माथि उल्लेख भएझैँ वार्षिकरूपमा आयोजना गरिने नाङखोर अर्थात गाउँसभा बस्तीमा गर्नुपर्‍यो नत्र यसको अर्थ नै के रहन्छ र ? जब बस्ती नै छिन्नभिन्न भइसकेपछि यस्तो गाउँसभा सम्भव हुने कुरै भएन । गरिहालियो भने पनि त्यसमा सबैको उपस्थिति र अपनत्व उत्तिकै कायम रहन्न । किनकि पुर्खौंदेखि गाउँसभा गर्दै आएको स्थान आयोजनाले कब्जा गरेपछि शरणार्थीका रूपमा अन्यत्र गर्ने यस्तो सभाले सन्तुष्टि दिन सक्दैन ।

अर्कोतर्फ यस्तो गाउँसभा विशेषगरी भूमे पूजाका दिन आयोजना गरिन्छ । आफूहरूले पुर्खौंदेखि पुज्दै आएको भूमि नै छाडेर हिँड्नुपरेपछि कसको भूमि पुज्नु ? जहाँको भूमि पुजेर पनि धार्मिक आस्था बच्ने त हैन । त्यसैले आयोजनाकै कारण जमिन गुमाउन बाध्यहरू आफ्नो धार्मिक आस्थामा पुगेको चोट नराम्ररी दुखेको धारणा व्यक्त गर्छन् । नागरिक समाज, रसुवाका अध्यक्ष बाबुलाल तामाङको प्रश्न मार्मिक मात्र हैन, संवेदनशीलसमेत छ- हामीले पुर्खौंदेखि दूध चढाएर पूजा गर्दै आएको देवीथान नै आयोजनाले भौतिक निर्माण गर्ने क्रममा गायव भयो । कहाँ गयो, कहाँ ? अब हामीले कहाँ गएर दूध चढाउने ? कहाँ खोज्दै हिँड्ने हाम्रा देवीदेवतालाई ?

उनका अनुसार खोदल भन्ने ठाउँमा देवीथान थियो । जहाँ तामाङ समुदायका व्यक्तिले दूध चढाएर पूजाआजा गर्थे । त्यहाँ झाँक्रीले समेत पूजा गर्थे । 'यो एउटा ढुङ्गा कहाँ हरायो भन्ने भन्दा पनि हाम्रो आस्थामाथि किन प्रहार गरियो भन्ने सवाल हो, जुन सहन गाह्रो हुन्छ'- उनी आक्रोश व्यक्त गर्छन् ।

उनको यो प्रश्न यसकारण संवेदनशील छ कि मानिस बिस्थापन भएको त धेरैले थाहा पाएका छन् तर देवताको समेत उठिबास भएको कुरा ओझेलमा पर्‍यो । आदिवासीका हरेक क्रियाकलाप जमिन, देवता तथा प्रकृतिसँग जोडिएका हुन्छन् । तर यिनै पक्षमा प्रहार हुँदा पनि त्यसलाई कसैले गम्भीररूपमा लिन नसक्नु चिन्ताको विषय हो । अझ यस्ता विषयमा आयोजनाको बेवास्ता त झनै दिक्कलाग्दो छ ।

यो आयोजनाका कारण १५४ परिवार बिस्थापित भएका छन् । जसमा सोझै प्रभावित हुनेको सङ्ख्या ६१९ छ । कुनै पनि आयोजना निर्माण गर्दा बिस्थापित हुनु/गरिनु स्वाभाविकै मानिए पनि त्यसरी बिस्थापितहरूको उचित व्यवस्थापन/पुनर्स्थापन नहुनुचाहिँ अमानवीय व्यवहार हो । जसलाई कुनै पनि सन्धि/कानुन र मानवीय दृष्टिकोणले उचित मान्दैन । अझ स्थानीय भूगोलसँगै सम्पूर्णजसो रीति र संस्कार घुलमिल हुने आदिबासीको बिस्थापन त झनै पीडादायी हुन्छ ।

आदिवासी भूमिपुत्र हुन् । त्यसैले उनीहरूका धेरै संस्कार र संस्कृति भूमिसँगै जोडिएका हुन्छन् । त्यसैले आफ्नो थातथलोबाट बिस्थापन हुनुपरेपछि जे कारण र विशेषताले उनीहरू आदिवासी कहलाइएका हुन्, ती विशेषता कायमै रहन असम्भवप्रायः हुने गर्छ । यतिबेला यो आयोजनाका कारण पुर्ख्यौली थलो छाडेर शरणार्थी बन्दै हिँड्न बाध्य आदिवासी तामाङ समुदाय आफ्नो आस्थामाथि नै प्रहार भएको अनुभूति गरिरहेका छन् ।

आइपिपी बोर्डका वरिष्ठ उपाध्यक्ष छेकु लामा (जो बिस्थापित बस्ती व्यवस्थापन समितिका संयोजक पनि हुन्) विकासले निम्त्याउने विनाशतर्फ आयोजनाले ध्यान नदिएको सुनाउँछन् । आयोजनाका नजरले हेर्दा मानिस मात्र बिस्थापित भए तर आफूहरूले पुज्दै आएको देवताको समेत आफूहरूसँगै उठिबास भएकोप्रति कसैको ध्यान नपुगेको उनको दुखेसो छ । त्यसैले विकासका नाममा धर्म/संस्कृति/संस्कार मास्ने अधिकार कसैलाई नभएको जिकिर पनि छ उनको ।

## प्रकृतिसँग सम्बन्ध विच्छेद

आदिवासी समुदायको जीवन पद्धति नै प्राकृतिक स्रोतमा आधारित हुन्छ । सोझो अर्थमा भन्दा प्रकृति र आदिवासी एकअर्काविना बाँच्नै सक्दैनन् । प्रकृतिको संरक्षण र सही उपयोग आदिवासीले गर्ने र प्रकृतिले चाहिँ आदिवासीलाई आश्रयदेखि जीविकासम्ममा सघाउने क्रम हजारौँ वर्षदेखि चलिआएको वास्तविकता हो । यस क्रममा यो जलविद्युत् प्रभावित क्षेत्रका बासिन्दाले वनको भरपुर उपयोग गर्थे । वनजन्य काठ, दाउरा, घाँस, सेउला, सोत्तर आदिले उनीहरूको जीवन र जीविकालाई सहज तुल्याएको थियो । वनमै आधारित जडीबुटीले मानिस र पशुपन्छीको ज्यान बचाउन सघाएको थियो । भेडा/च्याङ्ग्रा, चौँरी आदिलाई वनस्रोतले नै टिकाएका थिए । उदाहरणका लागि आमा छोदिङ्मो गाउँपालिका वडा नं. २ का वडा अध्यक्ष लाक्पा कामी तामाङको भनाइ काफी छ- जहाँ हाम्रो खर्क थियो, त्यहाँ अहिले आयोजनाले ड्याम निर्माण गरिरहेको छ । जहाँ गाउँलेहरूले हिउँदमा वस्तुभाउ चराउँथे र राख्ने पनि गर्थे ।

तर आज उनीहरू आफ्नो थातथलो छाड्न बाध्य भएसँग वनसँगको मित्रता पनि टुटेको छ । कोही कहाँ कोही कहाँ पुगेकाले उनीहरूसँग आफ्नो हक लाग्ने वन छैन । यही कारण उनीहरू न वनजन्य स्रोत उपयोग गर्न पाउँछन् न त वनमा आधारित

सांस्कृतिक/संस्कारगत रहनसहन नै जीवित रहन सकेको छ । यस्तो अवस्थाले आदिवासी तामाङ समुदायलाई प्रकृतिसँगको गहिरो सम्बन्धबाट छुटाइदिएको छ । आएलओ-१६९ ले समेत आदिवासीहरूले परम्परागतरूपमा ओगट्दै आएका भूमिमा निहीत निजहरूको स्वामित्व र भोगाधिकारलाई मान्यता दिइने उल्लेख गरेको छ । यसका अतिरिक्त सम्बन्धित आदिवासीहरूले एकलौटीरूपमा नओगटेका तर जीविकोपार्जन र परम्परागत गतिविधिका लागि परम्परागतरूपमा पहुँच प्राप्त गरेका भूमि प्रयोग गर्ने निजहरूको अधिकारको रक्षा गर्न उपयुक्त उपायहरू अङ्गालिने पनि उल्लेख छ ।[१२]

उनीहरूले प्रयोग गर्दै आएका वन/खर्क आदिमा प्रशस्त ठाउँ हुन्थे । पशुलाई खानेकुरा पनि त्यहीँ उपलब्ध हुन्थे । तर यही ठाउँबाट हट्नुपरेपछि अन्यत्र यत्तिकै र यस्तै ठाउँ उपलब्ध हुने कुरै भएन । किनकि त्यहाँ कोही न कोहीले उपयोग गरेकै हुन्छ । त्यसैले बिस्थापन भएको ठाउँ बस्नका लागि मात्र पुग्नेखालको हुन्छ । यस्तो अवस्थामा पुर्खौंदेखि पालिँदै आएका भेडा/च्याङ्ग्रा, चौंरी आदि पाल्ने सम्भावना नै हुँदैन । आयोजनाका कारण आफूहरूले पुर्खौंदेखि उपभोग गर्दै आएको खर्क र चरन नासिएको र यसले धेरै समस्या निम्त्याएको भनाइ छ आमाछोदिङ्मो गाउँपालिका-२ का वडाध्यक्ष लाक्पा कामी तामाङको । यस्तो अवस्थाले एकातिर आर्थिक गुजारामा सङ्कट सिर्जना भएको छ भने अर्कोतर्फ आदिवासीका नाताले थाम्दै आएको चालचलन जबर्जस्ती रोक्नुपर्ने भएको छ ।

आदिवासीहरूमा प्राकृतिक स्रोत/साधनमा आधारित जीवन पद्धति मात्र हैन, प्राकृतिक स्रोत साधनको संरक्षण गर्ने प्राकृतिक ज्ञान पनि हुन्छ । यस अर्थमा उनीहरू प्रकृतिप्रेमी मात्र हैन, प्रकृतिमैत्री पनि हुन्छन् । त्यसैले त उनीहरू प्रकृतिप्रति अगाध आस्था राख्छन् । विभिन्न प्रकारले गरिने प्रकृति/भूमि पूजा र सम्मान यसको ज्वलन्त प्रमाणका रूपमा उपस्थित छन् । जल, जङ्गल, जमिन नै आफ्नो जीविकोपार्जनको आधार भएकाले पनि उनीहरू प्रकृतिसँग छुट्टिनै नसक्ने गरी जोडिएका हुन्छन् । दोहन मात्र हैन, यस्ता स्रोतको उचित प्रयोग र संरक्षणमा समेत उत्तिकै दख्खल हुन्छन् आदिवासी समुदाय । त्यसैले आदिवासी समुदायलाई प्रकृतिको उपभोगकर्ता मात्र हैन, यसको संरक्षणकर्ताका रूपमा समेत बुझिनु आवश्यक छ । यसर्थ यस्तो महत्त्वपूर्ण

१२ अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि नं. १६९, धारा १४ (१)

भूमिका भएको आदिवासी र प्रकृतिको नाता टुटाइदिनु भनेको आदिवासीमाथिको प्रहार त हो नै, प्रकृतिमाथि समेत अन्याय हो ।

## लैङ्गिक हिंसा

नेपाल पितृसत्तात्मक मुलुक हो । तर आदिवासी तामाङ भने पितृसत्तात्मक मुलुकभित्रको मातृसत्तात्मक समुदाय हो । जहाँ हरेक निर्णय प्रक्रियामा महिलालाई प्राथमिकता दिइन्छ । आर्थिक कारोबारदेखि कामको विभाजन हुँदै सबै कुराको नेतृत्व महिलाले गर्ने चलन हुन्छ यो समुदायमा । हरेक निकायमा लैङ्गिक समानता कायम गरेर अघि बढ्ने नेपालले अङ्गालेको नीतिका सन्दर्भमा हेर्दा आदिवासी तामाङ समुदायमा परम्परादेखि नै स्वतः कायम यस्तो प्रवृत्ति निकै सकारात्मक मान्नुपर्छ ।

तर विडम्बना, यही आदिवासी समुदायको भूमि लिने, उनीहरूलाई बिस्थापन गर्ने र स्वतन्त्र, अग्रिम र जानकारीसहितको मन्जुरी (एफपिक) लगायत सम्झौताहरू गर्ने क्रममा भएका छलफलमा महिलालाई खासै प्राथमिकता दिइएन । एक त उनीहरूसँग पर्याप्त छलफल नै गरिएन, अर्कोतर्फ गरिएका छलफल पनि केही व्यक्तिमा मात्र सीमित रह्यो । यस्तो अवस्थाले आदिवासी समुदायमा अनादिकालदेखि चल्दै आएको परम्परालाई नजरअन्दाज गर्‍यो । यो भनेको आदिवासीको एउटा विशेषतामाथि त प्रहार हो नै, साथै मुलुकले अङ्गालेको नीतिको पनि उल्लङ्घन हो ।

लैङ्गिक हिसाबले हेर्दा अर्को समस्या पनि देखिएको छ आयोजना प्रभावित क्षेत्रमा । एकातर्फ आयोजनाले आफैँ प्रतिबद्धता जनाएको सेवा/सुविधासमेत स्थानीयलाई दिइरहेको छैन भन्ने आमगुनासो व्याप्त छ । अर्कोतर्फ दिइएको केही सुविधा पनि पहुँचवालाले मात्र भेट्टाएका दाबी भेटिन्छन् । विशेषगरी प्रभावितमा पनि पहुँचविहीन र थप कमजोरहरू मर्कामा परेका गुनासा छन् । अशक्त महिला यस्तो मामलामा झन पीडित छन् ।

रोजगारी उपलब्ध गराउने क्रममा महिलालाई विभिन्न कमजोरी देखाएर पन्छाउने गरेका घटना माथि नै उल्लेख भइसकेका छन् । पुरुषका तुलनामा महिलालाई हरेक कुरामा पन्छाउने परिपाटी आयोजनाका गतिविधिमा देखिएका छन् । यो पनि लैङ्गिक समानताका दृष्टिमा गर्नै नहुने काम हो ।

गाउँघरमा महिलाको परम्परागत काम भनेको घाँस/दाउरा सङ्कलन गर्ने, अन्नपात जम्मा गर्ने, त्यसको सुरक्षित भण्डारण गर्ने, पानी ल्याउने आदिमा बढी समय जान्छ। तर आयोजना सुरु भएपछि भने महिलाको कार्यबोध अझ थपिएको छ। घर/गोठमा पालिने गाईवस्तु, भेडा/बाख्रा चराउनका लागि टाढा टाढा लैजानुपर्ने अवस्था सिर्जना भएको छ। घाँस/दाउरा सङ्कलन गर्न पनि टाढा जानुपर्ने भएकाले यसैमा बढी समय खर्च हुन थालेको छ। आयोजना निर्माणसँगै जङ्गल विनाश हुँदै जान थालेपछि मुहान सुक्दा पानीका लागिसमेत उनीहरू निकै टाढा चाहार्नुपर्ने अवस्था उत्पन्न भएको छ। यी समग्र गतिविधिका कारण महिला थप बोझ उठाउन बाध्य पारिएका छन्।

# खण्ड ४ :
# एफपिक – सम्झौता र कार्यान्वयन

नेपाल अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि नं. १६९ को पक्षराष्ट्र हो । जसमा नेपालले सन् २००७ मै हस्ताक्षर गरेको छ । जसअनुसार अपवादका उपायका रूपमा आदिवासीहरूको ठाउँसारी आवश्यक देखिएको अवस्थामा निजहरूको स्वतन्त्र, अग्रिम र जानकारीसहितको मन्जुरी लिएर मात्र ठाउँसारी गर्नुपर्छ । निजहरूको सहमति प्राप्त गर्न नसकिने भएमा सम्बन्धित आदिवासीहरूको प्रभावकारी प्रतिनिधित्वका लागि मौका दिनुपर्ने व्यवस्था तथा उपयुक्त भएमा सार्वजनिक जाँचबुझ गर्नेसमेत व्यवस्था गर्ने राष्ट्रिय कानुन र नियमहरूबाट स्थापित उपयुक्त कार्यविधिहरू अवलम्बन गरेर मात्रै त्यस्तो ठाउँसारी गर्न सकिन्छ ।[13] छोटकरीमा आइएलओ १६९ भनिने यही महासन्धिका कारण माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजना निर्माण गरिरहेको नेपाल वाटर एन्ड इनर्जी डेभलपमेन्ट कम्पनी (एनडब्लुइडिसी) ले आयोजनाका कारण प्रभावित हुने तामाङ समुदायमा पर्न जाने असरहरूबारे स्वतन्त्र, अग्रिम र जानकारीसहितको मन्जुरी लिएको थियो । जसलाई छोटकरीमा एफपिक भनिन्छ ।

कम्पनीले २०७५ कात्तिक १५ मा आयोजना प्रभावित तामाङ समुदायसँग आदिवासी समुदाय योजना (आइपिपी) का लागि त्रिपक्षीय सम्झौतामा हस्ताक्षर गर्दै स्वतन्त्र, अग्रिम र सुसूचित सहमति लियो । नेपालमा यसअघि कुनै पनि जलविद्युत् आयोजनाले प्रभावित क्षेत्रका आदिवासी समुदायसँग एफपिक गरेको थिएन । यसरी हेर्दा यो आयोजनामा एफपिक लागु हुनु सकारात्मक पक्ष थियो ।

एफपिक आयोजना सुरु हुने बेलामै गरिनुपर्थ्यो अर्थात आइएलओ १६९ का अनुसार पनि उनीहरूको ठाउँसारी गर्नुअघि नै यो जरुरी थियो । तर योजना सुरु भएको ७ वर्षपछि २०७५ कात्तिक १६ मा मात्र एफपिक गरियो । सरल भाषामा भन्दा

---

१३ अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि नं. १६९, धारा १६ (२)

जलविद्युत् आयोजनाका कारण बिस्थापन गरिनुपर्ने बासिन्दाको सहमति लिनकै लागि एफपिक जरुरी थियो तर बिस्थापन गराइएपछि बल्ल एफपिक गरियो । त्यसैले बिस्थापन भएका आदिवासीलाई 'हामी यो कारणले अन्यत्र जान्नौँ' भन्ने विकल्प दिइएन । अर्थात बिस्थापन हुनुअघि आफ्ना माग प्रभावकारीरूपले दाबी गर्ने आधारबाट वञ्चित गराइयो । त्यसमा पनि प्रभावित सबै क्षेत्र पनि समेटिएन । यो जलविद्युत् आयोजनाका कारण २१ गाउँ प्रभावित थिए तर अति प्रभावित भन्दै १० बस्तीमा मात्र केन्द्रित भएर एफपिक गरियो ।

एफपिक प्रक्रियाले छलफलकै क्रममा धेरै बस्ती छुटाएको, वन उपभोक्ता समूहहरूलाई मतलव नगरेको, अनि प्रथाजनित संस्थाहरूलाई नजरअन्दाज र महिलाहरूको निर्णय गर्ने भूमिकालाई पनि बेवास्ता गरिएको गुनासो रहँदै आएको छ । जबकि आइएलओ १६९ ले नै सरकारले सम्बन्धित आदिवासीहरूका संस्कृति र आत्मिक मूल्यहरूका लागि अवस्थाअनुसार निजहरूले ओगटेका वा अन्य कुनै पनि किसिमले प्रयोग गरेका भूमि वा भू-क्षेत्रसँग वा दुवैसँग निजहरूको सम्बन्धको र खासगरी यस सम्बन्धको सामूहिक पक्षको विशेष महत्त्वलाई सम्मान गर्नेछन् भनेको छ ।[१४]

एफपिकअन्तर्गत आदिवासी समुदाय योजना लागु गर्न वि.सं. २०७५ कात्तिक १५ मा त्रिपक्षीय सम्झौता भएको हो । जसमा आयोजना (नेपाल वाटर इनर्जी डेभलपमेन्ट कम्पनी प्रा.लि.), स्थानीय प्रभावित समुदाय (आदिवासी सल्लाहकार परिषद्) र स्थानीय सरकार (सम्बन्धित वडाध्यक्षहरू) को संलग्नता छ । सुरुवातमा आयोजनाका कारण अति प्रभावित १० गाउँमा आदिवासी सल्लाहकार परिषद् गठन गरिएको थियो । त्यही परिषद्बाट चुनिएका २/२ जना गरी २० जनाको आदिबासी जनजाति विकास योजना सञ्चालन बोर्ड (छोटकरीमा आइपिपी बोर्ड) गठन भएको थियो । जसमा प्रभावित स्थानीय तहका वडा अध्यक्षहरू, नेपाल आदिवासी जनजाति महासङ्घका केन्द्र र जिल्लाका एक/एकजना र कम्पनीबाट पनि प्रतिनिधित्व रहने व्यवस्था छ । जसले आयोजनाले प्रभावित समुदायका लागि उपलब्ध गराउने सहायता कार्यान्वयनका क्रममा आयोजना, स्थानीय सरकार र अन्य आवश्यकीय निकायहरूसँग समन्वय गर्छ । साथै प्रभावितहरूका समस्या समाधानार्थ उचित कदम चाल्छ ।

---

१४ अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि नं. १६९, धारा १३ (१)

यो त्रिपक्षीय सम्झौतामा विशेषगरी प्राकृतिक स्रोतमाथिको स्थानीय तामाङ आदिवासी जनजातिको अग्राधिकार र निर्णयको अधिकार, परम्परागत थातथलो, वातावरणप्रति उनीहरूको नियन्त्रणको सम्मान गर्ने, स्थानीय तामाङ समुदायको भूमिसँगको विशिष्ट र आध्यात्मिक सम्बन्धलाई उनीहरूको अस्तित्व र विकासको पूर्वसर्त मान्ने, जलविद्युत् को विकास र उत्पादनले स्थानीय आदिवासी जनजातिको परम्परागत थातथलो, जीवन पद्धति, स्थानीय अर्थतन्त्र र ज्ञान सिपलाई असर गर्न सक्ने सम्भावनालाई आत्मसात गर्ने, आदिवासी समुदाय योजनालाई मार्गनिर्देशन गर्ने अन्तर्राष्ट्रिय वित्त निगम नीतिअन्तर्गतको स्वतन्त्र, अग्रिम जानकारीसहितको मन्जुरी एवं सहमति आशयका आधारमा स्थानीय समुदायहरूको सूचित छलफलको आवश्यकतालाई ध्यान दिने, स्थानीय आदिवासी जनजातिहरूको दिगो विकाससम्बन्धी निर्क्योल अग्राधिकारलाई मान्यता दिने, आयोजना प्रभावित आदिवासी जनजातिहरू पूर्ण विकसित पूर्वाधारहरू नभएको भौगर्भिक र मौसमीय खतरामा बसोबास गरिरहेका र आफ्नो परम्परागत आर्थिक क्रियाकलाहरूको सुरक्षा र विकास, भाषा र संस्कृतिको संरक्षण गर्ने सम्बन्धमा गम्भीर सामाजिक र आर्थिक समस्याहरू भोगिरहेका छन् भन्ने तथ्यलाई मध्यनजर गर्ने, आयोजना प्रभावित १० गाउँको क्षेत्रमा आदिवासी जनजाति समुदायका लागि कम्पनीले आर्थिक क्रियाकलापहरू गर्ने र आदिवासी जनजातिका लागि संस्थागत, सामाजिक र आर्थिक विकासको योगदान गर्ने चाहनाको प्रशंसा गर्ने तथा समान साझेदारी, पारदर्शिता र छिटो सूचनाको सिद्धान्तका आधारमा दायित्व बहन गर्ने, निर्णय लिने, पक्षहरूले एकापसमा अन्तरक्रिया गर्दा आदिवासी जनजातिहरूसँग सामूहिक उत्तरदायित्व बहन गर्ने विषय उल्लेख छन् ।[१५]

यो सम्झौतामा कम्पनीको दायित्वअन्तर्गत सल्लाहकार परिषद्सँग संयुक्तरूपमा काम गर्दा निरन्तररूपमा हुने आयोजनाको वातावरणीय निगरानीको सन्दर्भमा खुलाइएबमोजिम माथिल्लो त्रिशूली-१ आयोजना कार्यान्वयनको दृष्टिकोणबाट आदिवासी जनजातिको परम्परागत जीवन पद्धति र आर्थिक क्रियाकलापहरूलाई कम प्रभाव पार्ने वा रोक्नका लागि आवश्यक उपाय अपनाउने, आदिवासी समुदाय योजनाको सफल कार्यान्वयन पक्ष अभिवृद्धि गर्ने पनि उल्लेख छ । यसबाहेक माथिल्लो त्रिशूली-१ आयोजनाअन्तर्गतको आदिवासी समुदाय योजना (आइपिपी) कार्यान्वयनका लागि आयोजनाको वित्तीय व्यवस्थापन (फाइनान्सियल क्लोजर)

---

१५ माथिल्लो त्रिशूली-१ (२१६ मे.वा.) आदिवासी समुदाय योजना कार्यान्वयनका लागि भएको त्रिपक्षीय सम्झौता (१ नं. बुँदा)

भएको मितिले ५ वर्षमा जम्मा ११,२५००० अमेरिकी डलर उपलब्ध गराउने पनि उल्लेख छ ।[१६]

तर सम्झौतामा उल्लिखित अधिकांश प्रावधान कार्यान्वयनमा आएका छैनन् । आदिवासी समुदायको थातथलो, वातावरण र उनीहरूका सांस्कृतिक विशेषतामाथि ध्यान दिइएको छैन । पिउने पानी, रोजगारी, जीविकोपार्जन जस्ता विषय पनि ज्युका त्युँ छन् । उनीहरूको भूमिमाथिको विशेष सम्बन्धलाई पनि ख्याल गरिएको छैन । भाषा, संस्कृतिको संरक्षणका लागि गरिने भनिएको पहल पनि विचल्लीमा छ ।

एफपिकपछि उपलब्ध गराउने भनिएमध्ये एक पैसा पनि उपलब्ध गराइएको छैन । आदिवासी समुदाय योजनाका लागि उपलब्ध गराइने भनिएको रकम उपलब्ध नगराइँदा सम्झौतामा गर्ने भनिएका कुनै पनि काम आर्थिक अभावमै सम्पन्न हुन सकेका छैनन् । जसको असर स्थानीय प्रभावितहरू आयोजनाप्रति व्यापक रुष्ट देखिएका छन् भने आयोजना र उनीहरूबीचको सन्बन्ध दिन/प्रतिदिन दयनीय बन्दै गएको छ ।

---

१६ माथिल्लो त्रिशूली-१ (२१६ मे.वा.) आदिवासी समुदाय योजना कार्यान्वयनका लागि भएको त्रिपक्षीय सम्झौता (४ नं. बुँदा)

# खण्ड ५ :
# स्थानीयका आवाज

आयोजनाको कार्यालय रहेको स्थानबाट सबै भन्दा नजिकको गाउँ हो मैलुङ । मैलुङ यही आयोजनाका कारण अति प्रभावित गाउँमध्येको एउटामा पर्छ । सबै भन्दा नजिकको गाउँ भएकाले मैलुङले अरू प्रभावित गाउँको तुलनामा बढी फाइदा पाउनुपर्ने अपेक्षा राखेको छ तर अवस्था भने ठ्याक्कै उल्टो छ ।

## रोजगारी

कान्छीमाया तामाङ यही बस्तीकी बासिन्दा हुन् । आयोजनाकै कारण अति प्रभावित हुने परिवारमा पर्छिन् उनी । गाउँमै आयोजना आएपछि क्षमताअनुसारको काम पाइन्छ भन्ने उनले सुनेकी थिइन् । त्यसैले आयोजनामा काम गर्न निवेदन दिएकी थिइन् । त्यो पनि ठूलो हैन, सरसफाइ र भान्छाको काम गर्न । तर मात्र ५० वर्ष पुगेकी उनलाई बूढी भनेर काम दिइएन । 'न आफ्नो घर र जमिन छ, न आफ्नो घर र जमिन लिने कम्पनीले कामै दिन्छ ? हामीले यस्तो अवस्थामा के खाएर बाँच्ने ?'- उनको प्रश्न छ ।

कम्पनीमा ठूलो पद र धेरै पढेकाले गर्ने काम हामीले पाउन्नौं भन्ने प्रभावितहरूलाई राम्रैसँग जानकारी छ । त्यसैले उनीहरूले भान्सा, सरसफाइ जस्ता थोरै पढे/लेखेकाले पनि गर्न सक्ने काम दिए हुन्थ्यो भन्ने अपेक्षा राखेका छन् । तर यस्ता कामका लागि पनि बाहिरबाट मानिस ल्याइने तर आफूहरूलाई भने नदिने गुनासो उनीहरूको छ ।

कान्छीमाया गुनासो गर्छिन्- काम माग्न निवेदन लिएर जानेहरूलाई कम्पनीका कर्मचारीले कोहीलाई बूढाबूढी भनेर, कोहीलाई मोटो भनेर, कोही पातलो भनेर अनि कोहीलाई चाहिँ दुब्लो भनेर फर्काउँछन् । हामी गर्न सक्छौं, गरेर देखाउँछौं, सकेनौं भने बरु निकाल भन्दा पनि अवसर दिँदैनन् । यो कस्तोखालको छनोट विधि हो भन्ने स्थानीयले अहिलेसम्म बुझ्न सकेका छैनन् ।

मैलुङमा यो आयोजनाकै कारण धेरै परिवार बिस्थापित भए । अहिले करिब ३० घर मात्र छन् । यसमध्ये पनि धेरै त अरूकै जग्गामा बसेका छन् । घर नजिकैको कम्पनीमा सयौँ कामदार काम गर्छन् तर यो बस्तीका मानिस भने तिनैले गरेका काम हेरेर चित्त बुझाउन बाध्य छन् । यही कारण यहाँका प्रायः युवा कामकै लागि विदेशिएका छन् । अन्यत्रका सयौँ कामदारले अवसर पाउँदा एकाधबाहेक स्थानीयले भने अवसर पाएका छैनन् ।

सल्लाहकार परिषद्ले प्रदान गरेको मन्जुरी एवं सहमतिमै 'सहयोगको क्षेत्र निर्देशित गर्दा सांस्कृतिक उत्थान, परम्परागत आयआर्जनका स्रोत तथा सिपहरूको जगेर्ना गरी रोजगारीको प्राथमिकता र सामाजिक अवस्था सुधार हुनेमा विश्वस्त छौँ'[१७] भन्ने उल्लेख छ । तर जुन विषयलाई प्राथमिकता दिइनेछ भनिएको छ, त्यही पालना नहुँदा रोजगारीप्रति स्थानीयको गुनासो रहन पुगेको हो ।

कसैलाई मोटी, कसैलाई दुब्ली, कसैलाई बूढी अनि कसैलाई थेप्ची र रोगी भनेर विशेषण भिराउने अधिकार आयोजनालाई नभएको बताउँछन्, स्थानीय । आइपिपीका वरिष्ठ उपाध्यक्ष एवं आयोजना प्रभावित छेकु यसलाई आयोजनाद्वारा स्थानीय महिलामाथि भएको 'हिंसा' भन्न रुचाउँछन् । र, उनीहरूले सोझै कानुनतः निषेधित महिला हिंसालाई प्रश्रय दिइरहेको दाबी गर्छन् ।

## हेपाहा प्रवृत्ति

एक स्थानीय महिला मैलुङमा किराना पसल खोलेर बसेकी छिन् । आयोजनाकै कारण घरबारबिहीन भएपछि उनले जीविकोपार्जनका लागि यस्तो पसल खोलेकी हुन् । पसल खोल्नुअघि उनले सोचेकी थिइन्- कम्पनीमा ७-८ सय मानिस काम गर्छन् । यी सबैलाई खाना खुवाउन रासन, तरकारी, मसला, नून आदि चाहिहाल्छ । सबै नकिने पनि केही सामान मात्र आफ्नो पसलमा किनिदिए भने पनि गुजारा चलिहाल्छ ।

---

१७ माथिल्लो त्रिशूली-१ (२१६ मेगावाट) आदिवासी जनजाति विकास योजना कार्यान्वयन तथा आयोजना निर्माणका लागि आदिवासी जनजाति विकास योजना सल्लाहकार परिषद्ले प्रदान गरेको मन्जुरी एवं सहमति ।

तर उनको सोचाइ सोचाइमै सीमित रह्यो । उनकै आँखाअगाडि कम्पनीका कामदार र कर्मचारीका लागि काठमाडौं, त्रिशूलीलगायत अन्य ठाउँबाट रासन र तरकारी तथा अन्य आवश्यकीय सामान आउँछ । तर उनको पसलमा एक रुपियाँको सामान कसैले किन्दैन । उनी यी सबै दृश्य टुलुटुल हेरिरहन्छिन् र गुनासो गर्छिन् किनकि यसबाहेक उनले गर्न नै के पो सक्छिन् र ?

स्थानीयले केही समय तरकारी पनि लगाए यिनै कर्मचारी/कामदारलाई बेच्न भनेर । केहीले कुखुरा र खसी पनि पाले । हाँस र बङ्गुर पनि हाले । आयोजनाकै कारण घर र जमिन गुमाएका चित्रबहादुर तामाङको प्रष्टोक्ति छ- एकातिर हाम्रा कुखुरा, खसी र हाँस आदि किन्ने मान्छे नभएर कसरी छाक टार्ने होला भन्ने तनावमा छौं अर्कोतर्फ हाम्रैअगाडि उनीहरू अन्यत्रबाट यस्ता चिजविज झिकाउँछन् । उनीहरूको यस्तो कार्य देख्दा त आफ्नो घर र जमिन आयोजनालाई दिएकामा पश्चाताप लाग्न थालेको छ ।

अझ रोचक कुरा त यो छ कि आयोजना कार्यालय परिसरमा कुखुरालगायत पशुपन्छी पालिएको छ । कार्यालयभित्र यसरी पशुपन्छी पाल्ने कार्य उचित हो कि होइन भन्ने बहससमेत निम्त्याएको छ यस कार्यले । बरु हामीलाई यस्ता यस्ता उत्पादन आवश्यक पर्छ, हाम्रो भान्सामा यी चिज नभइ हुँदैन, हामीले खोजेका वस्तुमा यस्तो गुणस्तरचाहिँ हुनैपर्छ, तिमीहरू यस्ता खाद्यान्न तथा पशुपन्छी उत्पादन गर भनेर स्थानीयलाई प्रोत्साहित गर्नुपर्थ्यो । यसो गर्दा एकातर्फ स्थानीयको आर्थिक स्थिति सुदृढ हुन्थ्यो अर्कोतर्फ आयोजनाले आफ्ना कामदार/कर्मचारीका लागि चाहिने खाद्य पदार्थ निकै टाढाबाट ल्याउनुपर्ने बाध्यता अन्त्य हुन्थ्यो । योसँगै ढुवानी खर्च कम हुन्थ्यो भने समय पनि बचत हुन्थ्यो । यसो गर्दा अझ सबै भन्दा महत्त्वपूर्ण पक्षचाहिँ यही कारण पनि स्थानीय प्रभावित र आयोजनाबीच विश्वासको वातावरण बनेर सम्बन्ध कसिलो हुन सक्थ्यो तर कम्पनी यो पक्षमा चुकेको देखिन्छ ।

आयोजनाको कार्यालय परिसरमा क्यान्टिन छ । कोरियन र चिनियाँहरूको आआफ्नै छ । यी क्यान्टिनमा कहिलेकाहीँ खाना खेर जानु स्वाभाविक हो । तर सीमित सङ्ख्यामा राखिएका स्थानीय कामदारले यसरी खेर गएको खाना आफ्नो घरमा पशुपन्छीलाई खुवाउन लैजानसमेत पाउँदैनन् । यसरी खेर गएको वा फालिएको खाना लगेबापत एकजना स्थानीय कामदारलाई ३ हजार रुपियाँ तिराइएको एक स्थानीयले बताए । यो अर्को एउटा त्यस्तो कारण हो जसले स्थानीयलाई रुष्ट बनाउन मात्र सघाएको छ ।

## ब्लास्टको चर्को मूल्य

मैलुङ त्यस्तो गाउँ हो जहाँ आयोजनाको भौतिक पूर्वाधार निर्माणका क्रममा नियमित ब्लास्ट भइरहन्छ । यही कारण ४ वटा घर भत्किसकेका छन् भने धेरै घरमा गारोसँग झ्याल र ढोका छुट्टिएका छन् । आइपिपी बोर्डका उपाध्यक्ष आशावीर तामाङका अनुसार यो बस्तीमा ब्लास्टकै कारण नचर्किएका घर भेट्टाउन मुस्किल छ ।

ब्लास्ट भइरहेकै कारण जमिन थर्किएर जुनसुकै बेला पनि भूकम्पको जस्तै धक्का सहन बाध्य हुनु यहाँका बासिन्दाको दिनचर्या नै भइसकेको छ । उसै त विक्रम संवत् २०७२ को भूकम्पले सात्तो खाइसकेको छ भने फेरि त्यस्तै आवाजको मिनेट मिनेटमा सामना गर्नुपर्दा स्थानीय बासिन्दा त्रसित छन् । आशावीर त्यस्ता व्यक्ति हुन जसले भूकम्पका बेला आफ्नै परिवारका ९ जना सदस्य गुमाए । यसरी भूकम्पबाट नराम्ररी सताइएका आशावीर र उनी जस्ता आफन्त गुमाउन बाध्य अरूका लागि ब्लास्टको आवाज मात्रै पनि कति पीडादायी होला ? सहजै अनुमान गर्न सकिन्छ ।

यो समस्या मैलुङको मात्र हैन, अति प्रभावित भनिएका सबै ठाउँको हो । अनि प्रभावित भनिएका ठाउँको पनि आंशिक समस्या हो । तर आयोजनका कर्मचारी जमिन चर्किनु, फाट्नु, कमसल हुनु, घर भत्कनु जस्ता बढ्दो जोखिमको कारण आफूहरूले जारी राखेका ब्लास्टलाई मान्न तयार छैनन् । उनीहरू यो सबैको कारण भूकम्पलाई देखाएर पन्छिने कोसिस गर्छन् । स्थानीय प्रभावित बुटी तामाङका अनुसार स्थानीयको गुनासो सम्बोधनका लागि लगानी गर्नुपर्छ भन्ने डरले उनीहरू आफ्ना कारण सिर्जित दोष अरूमाथि थोपरेर पन्छिन खोज्छन् । तर स्थानीयले भने आयोजनाको यो पन्छिने रोग थाहा पाइसकेका छन् । त्यसैले उनीहरू यसलाई पत्याउन तयार छैनन् ।

दिनदहाडै ब्लास्ट गरिएको ठाउँबाट ढुङ्गा झरेर जुनसुकै बेला पनि त्रासमा बस्नुपर्ने, खोला/खोल्सीले घर भत्काउने, पुलसमेत कटान हुने अवस्थामा पुग्दासमेत आयोजनाले वास्ता नगर्ने प्रवृत्ति सामान्य बनेको छ । त्यसैले त स्थानीयले यसअघि पटक-पटक आयोजनाको कामै बन्द गराएका छन् । एकपटक मैलुङबासीले आयोजनाको कामै ठप्प हुनेगरी २ दिनसम्म ताला लगाइदिए । त्यसपछि बल्ल आयोजना कम्पनीले सुन्यो र बस्ती सुरक्षाका लागि वाल लगाउन १० लाख रुपियाँ दिने सहमति गऱ्यो । 'हुन त त्यतिले पुग्दैन तर पनि हामी आफैं श्रमदान गरेर पनि जति

सकिन्छ, त्यति काम गर्दैछौँ'- आशावीरले सुनाए । कम्पनी आफैँले बनाएको पुलसमेत भत्कने अवस्थामा पुगेको छ । तर पनि स्थानीयको घरबास र पुलसमेत जोखिममा पर्दा पनि कम्पनीको ध्यानाकर्षण हुन १ साता जति कामै बन्द गर्नुपर्ने अवस्था सिर्जना भयो । यसबाट पनि कम्पनी स्थानीयका सवाल सम्बोधनप्रति कति लोसे गति अङ्गाल्छ भन्ने पुष्टि हुन्छ ।

बाहिर चट्टान देखिए पनि भित्रभित्रै सुरुङ नै सुरुङले खेपिएको छ डाँडापाखा । अनि बस्तीहरूसमेत । आइपिपी बोर्डकी कोषाध्यक्षसमेत रहेकी फूलमाया घलेको चिन्ता छ- 'हाम्रो पूरै ठाउँ भित्रभित्रै खोक्रो भइसक्यो । अब भूकम्प आयो भने डाँडै बग्न बेर छैन । यस्तो अवस्थामा के गर्ने होला ?' उनका अनुसार आयोजनाका कारण अति प्रभावित बस्तीमा परेको तिरु र गोगनेको बस्ती छिया छिया भएर चर्केको छ । घाँस/दाउरा गर्न जाने वनमा समेत पूरै धाँजा फाटेको छ । त्यसैले कुन चिरा वा धाँजामा छिरेर ज्यान जाने हो भन्ने चिन्ता पनि त्यत्तिकै छ उनीहरूलाई । आयोजनाले प्रयोग गर्ने रसायनका कारण वातावरणमा समेत असर परेको, पानी दूषित भएको र जमिनको ऊर्वरा शक्तिमा समेत ह्रास आइरहेकोतर्फ कसैको ध्यान नपुगेको उत्तरगया गाउँपालिका-१ स्थित गोगनेका प्रभावित दामी लामाको गुनासो उत्तिकै संवेदनशील छ ।

## बिथोलिएको दैनिकी

मैलुङमा विद्यालय छैन । गुम्चेतमा पनि छैन । त्यसैले यहाँका बालबालिका आधा घण्टा परको सल्लेटारस्थित विद्यालय (जहाँ ३ कक्षासम्म पढाइ हुन्छ) जान बाध्य छन् । सोमबहादुर तामाङ सुनाउँछन्- 'विद्यालय गएका छोराछोरी घर नआउन्जेल मनमा त्रास भइरहन्छ किनकि जताततै ब्लास्टको काम भइरहेकाले ढुङ्गा खसिरहनु सामान्य हुन्छ । कतै यी ढुङ्गाले आफ्ना छोराछोरीलाई लागेर केही हुने पो हो कि भन्ने डरले सताइरहन्छ ।' उक्त विद्यालय भिरपाखोको बाटो हुँदै जानुपर्ने र खोलासमेत तर्नुपर्ने भएकाले पनि समस्या थपिएको छ ।

बस्तीमुनि ठूलै त्रिशूली नदी बगे पनि गाउँमा भने पिउने पानीको समस्या थियो । त्रिशूलीको पानी माथि तानेर, छानेर प्रयोग गर्ने हैसियत स्थानीयको थिएन । सरकारले कहिल्यै समाधान गरिदिएन । त्यसैले परम्परागत मूलको पानीमै निर्भर थिए आयोजना प्रभावितहरू । तर विद्युत् आयोजनाले पहाडभरि सुरुङ बनाउन ब्लास्ट गर्न थालेपछि

त्यसको असर कहाँ पऱ्यो, कहाँ, हुँदाखाँदाको मूल नै सुक्यो । मूलै सुकेपछि पानी आउने कुरै भएन । बाँकी रहेका केही मूल पनि तुरतुरेमा सीमित भए ।

आयोजनाकै कारण घर/जग्गा सबै गुमेर असहाय बनेका स्थानीय वीरबहादुर तामाङका अनुसार मूल सुकेर एकदमै सानो आउन थालेपछि पानीको हाहाकार हुन थाल्यो । त्यसैले रातको समयमा आउने पानीसमेत जम्मा पारेर बाँड्न पाए केही भरथेग हुन्थ्यो कि भनेर ट्याङ्की बनाइदिन आयोजनासँग अनुरोध गरियो । धेरै ताकेतापछि बल्लबल्ल आयोजनाले ७ बोरा सिमेन्ट उपलब्ध गरायो । तर यतिले छेउपाटो पनि लागेन । लौ त भनेर आफू आफू मिलेर पैसा उठाए र ट्याङ्की निर्माण गरे । ट्याङ्की त निर्माण भयो तर मूलबाट ट्याङ्कीसम्म पानी ल्याउन चाहिने पाइप अभाव भयो । कम्पनीलाई अनुरोध गर्दा दिएन । स्थानीयसँग पनि पाइपका लागि हाल्ने पैसा भएन । एकातिर रातको समयमा पानी खेर गइरहेको छ । अर्कोतिर ट्याङ्की आफैँ ट्वाल्ल छ । असरचाहिँ स्थानीय पिउने पानीसमेत नपाएर छट्पटाउन विवश छन् ।

दलीय सिफारिस आयोजना प्रभावितलाई चिढ्याउने अर्को कारण बनेको छ । जागिर खान मात्र हैन, आफ्नो भत्कन लागेको घर सुरक्षित गरिदेऊ भन्न जाँदासमेत दलको सिफारिस माग्ने क्रम बढेको छ । स्थानीय भने यसरी दलीय सिफारिस माग्नुको औचित्य बुझ्न नसकेर हैरान छन् । कुन दलको, कुन स्तरको नेताको, कतिजनाको ? के लेखाएर ल्याउने ? आफूले भनेका कुरा लेखिदिने हुन् कि होइनन् ? लेखिदिएनन् भने के गर्ने ? यावत् प्रश्नको भारी बोकिरहेका छन् । तर पनि आयोजना भने यस्ता प्रश्नप्रति बेखबर छ । अझ कतिपय काम त तत्काल गरिहाल्नुपर्ने हुन्छ, नत्र ठूलै क्षति हुन्छ । त्यस्तो बेलामा स्थानीयले कहाँ खोज्दै हिँडून् दलका नेता ? यस्तो अनावश्यक र अव्यावहारिक प्रक्रिया किन अङ्गाल्नुपरेको हो आयोजनालाई ? के बाध्यताले च्याप्यो ? बुझ्न कठिन छ भन्छन् आशावीर तामाङ ।

आफूले भान्सेका लागि निवदेन दिएको तर यसमा राख्नका लागि वडा कार्यालय र दलको सिफारिस मागेपछि रनभुल्ल परेको धनमाया तामाङको भनाइ छ । खाना बनाउने कार्यमा वडा र नेताको सिफारिसको के साइनो छ भन्ने उनले अहिलेसम्म बुझेकी छैनन् । त्यति मात्र हैन, उनको निवेदन बुझ्नै यो कोठा र ऊ कोठा देखाउँदैमा १-२ दिन नै बित्यो । उनले बल्ल निवेदन र नागरिकता थमाएकी छिन् तर २ महिना बित्दा पनि त्यसको खबर नआएको उनको भनाइ छ । आफ्नै घरबाट पारिको कार्यालय (जम्मा ५ मिनेटको दूरी) बाट पनि जाबो एउटा खबर आउन २ महिना

पनि काफी नहुनुको रहस्य चिनेजानेकासँग सोध्ने गर्छिन् उनी तर कसैले पनि बताउन सकेकोचाहिँ छैन रे ।

## समस्या यस्ता पनि

भाषा अर्को चर्को समस्याका रूपमा देखिन्छ । कम्पनीका सबै ठूला पदमा चिनिया र कोरियन छन् । त्यसबाहेक अङ्ग्रेजी भाषा चल्छ । स्थानीयले आफ्नो पीर मर्का ठूला पदका मानिसलाई सोझै सुनाउन एक त उनीहरूसम्मको पहुँच नै कमी छ, अर्कोतर्फ पहुँच पुगिहाले पनि भाषाको समस्या छ । नेपालीहरूलाई सुनायो, उनीहरूले माथिका हाकिमसम्म पुऱ्याउँछन् कि पुऱ्याउँदैनन् भन्ने निश्चित हुँदैन । पुऱ्याइहाले पनि कसरी प्रस्तुत गर्छन् भन्ने पनि थाहा हुँदैन । आफ्ना समस्या नसुनिनुको एउटा मुख्य कारण यो पनि भएको स्थानीयको भनाइ छ ।

निर्माण भइरहेको भौतिक पूर्वाधारप्रति पनि असन्तुष्टि छ स्थानीयको । अहिले आयोजनाले गरिरहेको विभिन्न निर्माण कार्यमा सुरुङका लागि ब्लास्ट गर्दा निस्किएको ढुङ्गा, गेग्रिन आदि प्रयोग हुँदै आएको छ । यस्ता सामग्री तुलनात्मकरूपमा कमसल हुने भएकाले निर्माण कार्य कमसल हुने उनीहरूको तर्क छ । आइपिपी बोर्डका वरिष्ठ उपाध्यक्ष छेकु लामा आफूहरूले यसबारे चिन्ता लिनुपर्नाको कारण यसरी खुलाउँछन्- ती निर्माण कार्य कमसल भए भने भत्कँदा त्यसको असर सबै भन्दा बढी हामीलाई पर्छ । आयोजना नजिक भएकाले हामी त्यसबाट पन्छन सक्दैनौँ ।

छेकु लामालगायत २५० भन्दा बढी परिवार अहिले पनि खाल्टे बगरमा अस्थायी टहरोमा बस्दै आएका छन् । उनीहरू २०७२ सालको भूकम्पको कारण बिस्थापनमा परेका थिए । आयोजनाले निर्माणको क्रममा जथाभावी फालेको ग्रेगिन, मकिङ आदिले त्रिशूली नदीमा बाढीको रूप लिएमा त्यसको प्रत्यक्ष मार खाल्टे बगरका बस्तीलाई पनि पर्नेछ ।

आयोजनाले बगर र अन्य जमिनमा जथाभावीतवरले मोकिङ (सुरुङ खन्दा निस्किएको ढुङ्गा एवं चट्टानका टुक्राहरू) फालिरहेको छ । निर्माण कार्यबाट निस्किएका गिट्टी, माटो, ढुङ्गा आदि त्रिशूली नदीको आडमै, डिलमै थुपारिएको छ । हजारौँ टन यस्ता सामग्री पानी पर्दा बगेर नदीमै पुग्ने हुँदा कुनै पनि बेला नदी थुनिने र एकैपटक खोलिँदा त्यसले ठूलो नोक्सानी पुऱ्याउनेतर्फ आयोजना बनाइरहेको कम्पनीको ध्यान

पुग्न सकेको छैन । यतातर्फ तत्काल ध्यान नपुऱ्याए यसले ठूलो बर्बादी निम्त्याउने देख्ने जो कोहीले सहजै अनुमान गर्न सक्छ ।

त्यसैगरी रातको बेलामा समेत काम गरिँदा मेसिनले निकाल्ने ठूलो आवाजका कारण बालबच्चा र ज्येष्ठ नागरिक तथा अशक्त/बिरामीलाई असर परिरहेको छ । बेला न कुबेला सिर्जित ध्वनि प्रदूषण न्यूनीकरण गर्ने वा रोकथाम गर्ने उपायबारे आयोजनाले सोचेको देखिँदैन ।

योजना एकातिर तर काम भने जता मन लाग्छ उतैतिर, जता सजिलो हुन्छ उतैतिर गर्ने परिपाटीले पनि आफूहरू हैरान भएको स्थानीय प्रभावितहरूको गुनासो छ । जस्तो-डिपिआर हाकुवेसीदेखि ठूलो हाकुसम्म गरियो तर पाङ्लिङदेखि सानो हाकु नेसिङ हुँदै ग्रेसम्मचाहिँ गरिएन । त्यसैगरी पहिले सडक मैलुङ हुँदै हाकुबेसी र फूलबारी हुँदै ड्याम साइड लाने भनियो तर अहिले आयोजना पारिपट्टि बनेको सडक नै आयोजनाले प्रयोग गर्न थालेपछि यसलाई स्थानीय बासिन्दा कम्पनीले जालझेल गर्न खोजेको भनी आक्रोशित छन् ।

## मुख्य माग

मुख्य ४ वटा माग छन् आयोजना प्रभावित स्थानीय आदिवासी समुदायका । पहिलो, जलविद्युत् आयोजनाको निश्चित सेयर प्रभावित बासिन्दालाई निःशुल्क उपलब्ध गराउनुपर्ने । दोस्रो, शिक्षामा सहयोग गर्नुपर्ने । तेस्रो, आयोजनाबाट प्राप्त हुने लाभको निश्चित प्रतिशत स्थानीय प्रभावितको चौतर्फी विकासका लागि छुट्याउनुपर्ने र चौथो, प्रभावित स्थानीयलाई विद्युत् निःशुल्क उपलब्ध गराउनुपर्ने । साथै, प्रत्येक घर/परिवारले रोजगारी पाउनुपर्ने माग पनि उठिरहेको छ । स्थानीयको गुनासो छ- कम्पनीले स्थानीयलाई भन्दा बाहिर मानिसलाई रोजगारीको अवसर बढी दियो ।

लाभ बाँडफाँट भन्नाले स्थानीयले सोझै पैसा बाँड्नुपर्ने भनेका हैनन् । शैक्षिक कोष, विपन्न सहयोग कोष, प्रभावित सहयोग कोष, विकास निर्माण कोष जस्ता समिति बनाएर यी निकायमार्फत स्थानीय प्रभावितले भोगिरहेका समस्या न्यूनीकरणका लागि योगदान गर्नुपर्ने उनीहरूको भनाइ छ । यस्तो सहयोगलाई दीर्घकालीन बनाउन

स्थानीय सरकार (पालिका, वडासँग) जोड्न सकिन्छ।[१८] स्थानीयको यी यस्ता माग हुन् जसले बालबालिकादेखि ज्येष्ठ नागरिकसम्मलाई समेट्छ । यस्तो सहयोगले आयोजनाका कारण बिस्थापित अर्थात सबै गुमाउनुपरेकाहरूलाई समावेशी हिसाबले थोरै भए पनि मलममट्टीको काम गर्छ ।

आदिवासी जनजाति विकास योजना सल्लाहकार परिषद्ले माथिल्लो त्रिशूली-१ (२१६ मेगावाट) जलविद्युत् आयोजनाअन्तर्गत आदिवासी जनजाति विकास योजना कार्यान्वयन तथा आयोजना निर्माणमा मन्जुरी एवं सहमति प्रदान गरेको छ । त्यसैगरी यो आयोजनाको नेतृत्व गरिरहेको नेपाल वाटर एन्ड इनर्जी डेभलपमेन्ट कम्पनी प्रा.लि., आदिवासी जनजाति सल्लाहकार परिषद् र स्थानीय सरकारका प्रतिनिधि (वडाध्यक्षहरू) बीच त्रिपक्षीय सम्झौता पनि भएको छ । आयोजना प्रभावित क्षेत्रमा जति पनि समस्या देखिएका छन्, ती सबै यी २ दस्ताबेजमा पहिले नै उल्लेख भइसकेका छन् । अर्थात यी दस्ताबेजमा उल्लिखित प्रावधानहरू इमानदारीसाथ लागु गर्ने हो भने यी समस्या उब्जने नै थिएनन् । उब्जे पनि यिनीहरूको आकार निकै सानो हुन्थ्यो ।

आइपिपी बोर्डका पूर्वअध्यक्ष तथा वरिष्ठ सल्लाहकार मानबहादुर तामाङ आयोजनाले पहिले गरेको सम्झौताअनुसार काम गरिदियो भने धेरै समस्या स्वतः समाधान हुने बताउँछन् । उनको मात्र हैन, धेरै प्रभावितहरू अहिले देखिएका समस्या र उब्जिएका असन्तुष्टिलाई आयोजना आफैँले सहमति जनाएको विषय पूरा नगर्दाको परिणाम ठान्छन् । तामाङको दाबी छ- रोजगारी, जीविकोपार्जन, ब्लास्टका कारण घर भत्कने, पानीको मूल सुक्ने जस्ता सबै समस्या समाधानको उपाय तिनै सम्झौतामा छन् । जसलाई पूरा गर्ने हो भने यी सबै समाधान हुनेछन् ।

अर्को एउटा मुख्य माग भनेको अति प्रभावित गाउँमा १० वटालाई राखिँदा छुटेका केही गाउँ पनि समेट्नुपर्छ भन्ने हो । आमा छोदिङ्मो गाउँपालिका- १ का वडाध्यक्ष साङ्लामा तामाङ पहिले समावेश गर्न छुटेका अति प्रभावित बस्तीलाई अहिले पनि नसमेट्ने हो भने यहाँका बासिन्दाप्रति घोर अन्याय हुने बताउँछन् । हाल ग्रे, लुम्बुडाँडा-गोर्सुम्बा र डाडाँगाउँका बाँकी गाउँ पनि समेटिएका छन् ।

---

१८ आदिवासी जनजाति विकास योजना (आइपिपी) का अध्यक्ष लाक्पा तामाङसँगको कुराका( नीमा आधारित

आयोजना प्रभावितमध्ये ९० प्रतिशतलाई आयोजनाको काम, यसबाट पर्ने असर, स्थानीयले पाउनुपर्ने हक/अधिकार आदिबारे केही थाहा नभएको जिकिर छ उत्तरगया गाउँपालिका वडा नं. १ का वडाध्यक्ष मारसिङ तामाङको । त्यसैले सबैलाई यस्तो जानकारी दिन आयोजनाले सार्वजनिक सुनुवाइ गर्नुपर्ने उनको सुझाव छ । विभिन्न सम्झौतामा गरिएका प्रतिबद्धता बिर्सदै जाने हो भने आयोजनालाई अप्ठेरो पर्ने र त्यस्तो अवस्थामा स्थानीय सरकारले समेत केही गर्न नसक्ने उनको धारणा छ ।

आइपिपी बोर्डका सचिव साङतेम्पा तामाङ भन्छन्- आयोजनाका कारण पुर्ख्यौली जमिन, घर, खर्क, वन, संस्कृति, संस्कार, चालचलन, धार्मिक आस्था, निर्णय अधिकार तथा देवतासमेत गुमाएका छन् स्थानीय आदिवासी समुदायले । यी कतिपय यस्ता विषय छन् जसको क्षति पूर्ति हुनै सक्दैन । जस्तो- छिन्नभिन्न हुन पुगेको तामाङ समुदायको आदिवासीपन जति अरब खर्च गरे पनि फर्कन सक्दैन । त्यसैगरी उनीहरूको धार्मिक आस्था कसैगरी पनि पुनर्स्थापित हुन सक्दैन । त्यसैले आयोजना प्रभावित आदिवासी समुदायले आयोजनाका कारण पाउने भनेको मात्र राहत हो, क्षतिको पूर्ति हैन ।

उनीहरूले माग गरेको पनि यही राहत/सहयोग हो । जुन उनीहरूको अधिकार नै हो । तर आयोजनाले विभिन्न सन्धि/सम्झौताले सुनिश्चित गरेका आदिवासी समुदायको अधिकारसमेत उपलब्ध गराउन आनाकानी गरिरहेको छ । त्यसैले सम्झौता भएका अर्थात आयोजनाले समेत सहमति जनाएको दस्ताबेजमा अभिलिखित सर्त एवं प्रावधान मात्र लागु गर्ने हो भने प्रभावितका धेरै माग स्वतः सम्बोधन हुनेमा शङ्का छैन । स्थानीय अगुवा तेब्रेल तामाङ आफैँ सहमति जनाएको सम्झौताबाट आयोजना पछि हट्नु नै अहिलेको विवादको मुख्य जड भएको तर्क राख्छन् ।

## खण्ड ६ :

# नीति तथा कानुन

नेपालको संविधानले सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका आदिवासी, जनजाति....लगायत नागरिकको संरक्षण र सशक्तीकरण वा विकासका लागि कानुनबमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन भनेको छ।[१९]

यसैगरी संविधानको राज्यका नीतिहरूअन्तर्गतको सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीतिले आदिवासी जनजातिको पहिचानसहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्दै यस समुदायसँग सरोकार राख्ने निर्णयहरूमा सहभागी गराउने तथा आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, सिप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र सम्बर्द्धन गर्ने उल्लेख गरेको छ।[२०]

यसैगरी जलविद्युत् विकास नीति[२१]ले जलविद्युत् आयोजनाहरूको सञ्चालनबाट हुन सक्ने प्रतिकूल वातावरणीय प्रभाव न्यूनीकरण गर्नका साथै बिस्थापित परिवारहरूको उचित पुनर्स्थापनाको व्यवस्था गरिनेछ भनेको छ भने जलविद्युत् आयोजनाहरू सञ्चालन गर्दा स्थानीय स्तरमा समेत उपयुक्त लाभ उपलब्ध गराउने व्यवस्था गरिनेछ भनिएको छ।

त्यसैगरी यो नीतिले जलविद्युत् आयोजनाको कार्यान्वयनमा नेपाली श्रम र सिप उपयोग गर्न प्राथमिकता दिइनेछ भनिएको छ भने जलविद्युत् उत्पादन आयोजनाको विद्युत् गृह, बाँध स्थल, सुरुङ वा नहर तथा जलाशय, प्रसारण लाइन, वितरण लाइन जस्ता संरचनाहरूको कार्यान्वयनबाट प्रत्यक्षरूपमा प्रभावित हुने आयोजना स्थलमा

---

१९ नेपालको संविधान, धारा १८. समानताको हक

२० नेपालको सविधान धारा ५.१.ञ.८

२१ जलविद्युत् विकास नीति, २०५८, ५.८, ५.१४, ५.२०,

वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदनबाट ठहर गरिएका कार्यक्रमहरू लागू गर्ने व्यवस्था गरिनेछ भनेको छ । अनि जलविद्युत् आयोजना निर्माण गर्दा वातावरणसम्बन्धी कुराहरूको हकमा प्रचलित कानुनबमोजिम गरिने, नदी, खोलाको न्यूनतम मासिक औसत बहावको कम्तीमा १० प्रतिशत वा वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदनबाट देखिएको न्यूनतम आवश्यक मात्रामा जुन मात्रा बढी हुन्छ सो मात्राको पानी नदी खोलामा छाड्ने व्यवस्था मिलाइनेछ पनि भनिएको छ ।

जलविद्युत् आयोजना निर्माण गर्न आवश्यक घर जग्गा प्राप्त गर्न अनुमति प्राप्त गर्ने निजी क्षेत्रलाई नै जग्गा उपलब्ध गर्न प्रोत्साहन गरिने तर सोबमोजिम आवश्यक घर जग्गा उपलब्ध हुन नसकेमा नेपाल सरकारले प्रचलित कानुनबमोजिम संस्थालाई जग्गा प्राप्त गरेसरह निजी क्षेत्रलाई घर जग्गा उपलब्ध गराइदिन सक्ने, घर जग्गा प्राप्त गर्दा लाग्ने सम्पूर्ण खर्च अनुमति प्राप्तकर्ताले बेहोर्नुपर्ने, सरकारी जग्गा भएमा अनुमतिपत्रको अवधिसम्मका लागि पट्टा (लिज) मा प्रचलित कानुनबमोजिम उपलब्ध गराइदिने प्रावधान पनि यो नीतिमा छ ।

यसबाहेक विद्युत् उत्पादन, प्रसारण र वितरण गर्दा बिस्थापित हुने परिवारलाई पुनर्स्थापना र पुनर्बास नेपाल सरकारले तोकेको मापदण्डबमोजिम अनुमति प्राप्तकर्ताले गर्नुपर्ने, यस कार्यमा निजी क्षेत्रलाई सरकारी स्तरबाट आवश्यक सहयोग गरिने तर सोका लागि आवश्यक स्रोत सञ्चालित आयोजनाको लागत खर्चमा समावेश गरी लगानीकर्ताले नै बेहोर्नुपर्ने पनि जनाइएको छ । जलविद्युत् संरचनाले प्रत्यक्षरूपमा प्रभावित गाउँ विकास समितिहरूको विद्युतीकरण विस्तारका लागि मात्र त्यस आयोजनाबाट नेपाल सरकारलाई प्राप्त हुने रोयल्टी रकमको १ प्रतिशत रकम उक्त गाउँ विकास समितिहरूलाई उपलब्ध गराइनेछ भन्ने पनि उल्लेख छ ।

यसैगरी संयुक्त राष्ट्र सङ्घको जैविक विविधतासम्बन्धी महासन्धिले आनुवांशिक स्रोतसँग सम्बन्धित परम्परागत ज्ञानमा पहुँचअन्तर्गत प्रत्येक पक्षले आफ्नो देशको कानुनबमोजिम आदिबासी तथा स्थानीय समुदायहरूको स्वामित्वमा रहेको आनुवांशिक स्रोतसँग सम्बद्ध ज्ञान एवं आदिबासी तथा स्थानीय समुदायहरूको संलग्नता र स्वीकृति सम्बन्धमा पूर्वसूचना सहमति लिने तथा आपसमा मन्जुर गरिएका सर्तहरू स्थापित भएको सुनिश्चित गर्ने उद्देश्यले उपयुक्तताअनुसार उपायहरू लिनेछन् भनिएको छ ।[२२]

---

२२ संयुक्त राष्ट्र सङ्घको जैविक विविधतासम्बन्धी महासन्धि, धारा ७

माथिल्लो त्रिशूली-१, जलविद्युत् आयोजनाका मुख्य लगानीकर्ताहरू (आइएफसी, एडिबी, एआइआइबी, एफएमओ) ले आफ्नो परिचालन नीतिमा एफपिकमा आदिवासी तामाङको अधिकार रहने निर्धारण गरेका छन् । आइएफसी (अन्तर्राष्ट्रिय वित्तीय निगम) पिएस-७, २०१२ अनुसार आयोजना निर्माणका लागि सम्झौता गरेका हुन् । यो आयोजनामा लगानीककर्ता संस्थाको परिचालन नीतिहरू लागू हुन्छन्, र उनीहरूले विभिन्न सञ्चालन नीति बनाएका छन् । आइएफसी पिएस-७, (२०१२) ले ३ वटा सर्त अघि सारेको छ जसले आयोजना प्रभावित क्षेत्रका आदिवासी समुदायका विभिन्न सवाललाई सम्बोधन गर्नेगरी स्वतन्त्र, अग्रिम र सुसूचित सहमति लिनुपर्छ भनेको छ । (क) परम्परागतरूपमा भोगचलन गर्दै आएको जमिन र प्राकृतिक स्रोतमा पर्ने प्रभाव, (ख) आदिवासी समुदायलाई पहिलेकै अवस्थाको अनुभूति हुने गरी स्थानान्तरण, (ग) महत्वपूर्ण सांस्कृतिक सम्पदामा प्रभाव । आइएफसी नीतिहरूले अनावश्यक, असमान वा अत्यधिक बलको प्रयोगबाट मानिसलाई हटाउन नहुने भनेको छ ।[२३]

यसैगरी आइएफसी पिएस-७, (२०१२) अनुसार व्यापार गतिविधिहरूले नकारात्मक प्रभावहरूलाई न्यूनीकरण गर्ने, मानव अधिकारको सम्मान, आदिबासीको मर्यादा र संस्कृतिको संरक्षण र सांस्कृतिकरूपमा उपयुक्त तरिकाले विकासका लाभहरू प्रबर्द्धन गर्ने कुरा सुनिश्चित गर्न खोज्छ ।

---

२३ नेपालमा स्वतन्त्र, अग्रिम र जानकारीसहितको मन्जुरी (एफपिक), माथिल्लो त्रिशूली-१, जलविद्युत् आयोजना (२१६ मेगावाट), अन्तर्राष्ट्रिय वित्तीय निगम (आइएफसी) कार्यसम्पादन मापदण्ड पालनासम्बन्धी स्वतन्त्र अध्ययन, सामुदायिक आत्मनिर्भर सेवा केन्द्र

## खण्ड ७ :

# स्थानीयका मागप्रति आयोजनाको व्यवहार

आदिवासीले प्रयोग गरिरहेका स्थानीय स्रोत, उनीहरूको भूमि र जीविकोपार्जनका अन्य साधन चल्ने तर उनीहरूसँग भएको सिप र श्रमचाहिँ नचल्ने परिपाटी यहाँ देखिएको छ । त्यसैले आयोजनासँग स्थानीय प्रभावित रिसाउनुको एउटा मुख्य कारण यही रोजगारीमा विभेद पनि हो ।

तर आयोजनाले भने कम्पनीको नीति नै स्थानीयलाई रोजगारमा प्राथमिकता दिने भएको दाबी गरेको छ । यसबारे कम्पनीको भनाइ छ- अब आयोजनाका लागि चाहिने जनशक्तिबारे प्रत्येक महिना सूची निकाल्दा स्थानीयलाई प्राथमिकता दिने गरी अघि बढ्छौँ । लेबर अपरेटर, हेवी ड्राइभरहरू, लोडर अपरेटर, एक्साभेटर अपरेटर, इलेक्ट्रिसियन पनि नियुक्त गरिरहेका हुन्छौँ । जुन जुन शीर्षकमा कामदार चाहिएको छ, त्यो नै परिपूर्ति गर्दै जाने हो । हामीलाई सूचना नदिइकन अन्त कतैबाट ल्याएर राखेको छ भने त्यो जानकारी पनि हामीलाई गराउनुहोला । हाम्रो प्राथमिकता जसले जग्गा गुमाए उनीहरूलाई दिने हो । त्यसपछि प्रभावित गाउँ र बाँकी रसुवाकाले पाउने हो । रसुवा जिल्लाभर पाइएन भने बल्ल अन्यत्रबाट ल्याउने कम्पनीको नीति छ ।

रातको समयमा पनि कहिलेकाहीँ ब्लास्टिङको काम भइरहेको हुन्छ । वातावरण प्रदूषण पनि बढिरहेको छ भन्ने स्थानीय प्रभावितको गुनासोप्रति आयोजनाको भनाइ यस्तो छ- बढ्दो वातावरण प्रदूषणप्रति ऋणदाताहरू र आइएफसीले पनि प्रभाव न्यूनीकरणका लागि प्रयास भए/नभएको मसिनोसँग नियालिरहेको छ । यस्ता समस्याबारे गुनासो गर्न हामीले उजुरी पेटिका राखेका छौँ । ठाउँ-ठाउँमा राखिएका उजुरी पेटिकामा गुनासो राखौँ । गल्ती कमजोरी सच्याउँदै जानुपर्छ । यसका लागि छलफल गर्दै समस्या समाधान गर्दै जानेछौँ ।

आइपिपी बोर्डमा कम्पनीले 'फुटाउ र राज गर' नीति अवलम्बन गर्दै दोहोरो भूमिका निर्वाह गरेको गम्भीर आरोप लागेको छ। यसबारे कम्पनीको भनाइ छ- हामीले पनि यस्तो आरोप सुनेको छौँ तर कम्पनीले यस्तो गरेको जस्तो लाग्दैन। बरु स्थानीय दाजुभाइ, आफ्नै नातागोताका मानिस नै जुधिरहनुभएको छ। विवाद गरिरहनुभएको छ।

आइपिपी बोर्डको आधिकारिकतालाई लिएर पनि स्थानीयबीच ठूलै विवाद थियो। अब भने मिल्दै गएको छ। यसमा कम्पनीको भनाइ यस्तो छ- कम्पनीले लाक्पा तामाङ नेतृत्वको टिमलाई आधिकारिक भनेको छ। अब सम्भवतः कम्पनीले गरेको प्रतिबद्धताअनुसारको आइपिपी कार्यान्वयन गर्छौं। किनकि लामो छलफल, सहजीकरण र छलफलपछि आदिबासी जनजाति विकास योजना कार्यक्रम सञ्चालन निर्देशिका तयार भइसकेको छ। अब कार्यान्वयनका लागि आइपिपी बोर्डका तर्फबाट गर्नुपर्ने कामचाहिँ जतिसक्दो चाँडो भयो उति स्थानीयले चाँडो फाइदा पाउने छन्।[२४]

---

२४ आयोजनाको भनाइ आयोजनाका वरिष्ठ व्यवस्थापक (सामाजिक एवं वातावरण) तेज साउदले सिएसआरसीद्वारा आयोजित स्वतन्त्र, अग्रिम र जानकारीसहितको मन्जुरी (एफपिक) सम्बन्धी तालिम (२०८०, जेठ २१-२३) का क्रममा व्यक्त गरेका धारणामा आधारित

## खण्ड ८ :

# आयोजना प्रभावित, स्थानीय सरकार र संस्थाहरूको भूमिका

आइएलओ १६९ ले भनेको छ- सम्बन्धित आदिवासीहरूलाई आफ्ना जीवन, आस्था, संस्था तथा आत्मिक कल्याण तथा निजहरूले ओगटेको वा अन्य किसिमले प्रयोग गरेको भूमिमा प्रभाव पार्ने विकासका प्रक्रियाका लागि आफ्नो प्राथमिकता निर्धारण गर्ने तथा सम्भव भएको हदसम्म आफ्ना आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासउपर नियन्त्रण कायम राख्ने अधिकार हुनेछ ।[२५] यसरी हेर्दा आयोजनाका कारण प्रभावित आदिवासी समुदायका माग पूरा गर्न आयोजना जिम्मेवार हुनैपर्छ ।

तर आयोजनालाई आफ्ना माग पूर्ति गराउन जिम्मेवार बनाउँदा बनाउँदै पनि प्रभावित आदिवासी समुदायका पनि केही जिम्मेवारी अवश्य छन् । अहिलेसम्म आयोजनाले स्थानीय प्रभावित आदिवासीका मागप्रति खासै ध्यान नदिनु र यस्ता विषय उनीहरूको प्राथमिकताभित्र नपर्नुको मुख्य कारण प्रभावितहरूबीचको बेमेल नै हो । त्यसैले आयोजना प्रभावितका हिसाबले प्राप्त गर्नुपर्ने अधिकार/न्यायका लागि आगामी दिनमा गर्नुपर्ने केही महत्त्वपूर्ण काम यसप्रकार देखिन्छ :

- आयोजना अति प्रभावित गाउँमा गठन गरिएको आदिवासी सल्लाहकार परिषद्बाट चुनिएका २/२ जनाको समेत प्रतिनिधित्व हुने गरी आइपिपी बनाइएको छ । जसले आयोजना, स्थानीय सरकार र प्रभावित आदिवासी समुदायबीच समन्वय गर्छ । यसबाहेक आयोजनाले उपलब्ध गराउने सहयोगको संयोजनसमेत गर्छ । अहिले यही आइपिपी बोर्डको आधिकारिकतालाई लिएर स्थानीय प्रभावितबीच नै केही विवाद निस्केका थिए । जसका कारण प्रभावितबीच नै बेमेल देखिएको छ ।

---

२५ अन्तर्राष्ट्रिय श्रम सङ्गठन महासन्धि नं. १६९, धारा ७ (१)

यही कारण पनि आयोजनाले स्थानीय प्रभावितलाई उपलब्ध गराउनुपर्ने आर्थिक र अन्य सहयोगमा ढिलाइ गरिरहेको छ । त्यसैले सबै भन्दा मुख्य कुरा स्थानीय प्रभावितहरू आफ्नो समस्या आफैँ समाधान गरेर एकजुट भइ अघि बढ्नुपर्छ । त्यसो भए मात्र आयोजना तथा अन्य निकाय/संस्थाले कमजोर आँक्न सक्दैनन् ।

- आयोजनाबारे सामुदायिक आत्मनिर्भर सेवा केन्द्रद्वारा तयार पारिएको प्रतिवेदन (जुन तामाङ भाषामा समेत उपलब्ध छ), पोस्टर, ब्रोसियर पढ्ने । आइएलओ १६९ जस्ता सन्धि र कानुनी दस्ताबेजबारे जानकार हुने । आयोजना, स्थानीय सरकार तथा प्रभावित बासिन्दाबीच भएका सम्झौता तथा आदिवासी सल्लाहकार परिषद्ले दिएको मन्जुरी एवं सहमतिबारे जानकारी राख्ने । यसका लागि प्रभावित बस्तीहरूमा अभिमुखीकरण कार्यक्रम राख्ने । प्रतिवेदन, पर्चा, चित्रयुक्त पोस्टर आदिको वितरण र प्रयोग व्यापक बनाउने । जसले गर्दा आयोजना प्रभावितहरू आफ्ना हक/अधिकारबारे थाहा पाउन सक्षम होउन् र यसैका आधारमा सम्बन्धित निकायमा सङ्गठितरूपमा गएर माग पूरा गराउन सक्षम होउन् ।

- कुनै पनि माग वा सम्झौतामा उल्लेख भएका विषय पूरा नभएमा ध्यानाकर्षण गराउनुपर्दा एक्लै वा व्यक्तिगत स्वार्थका आधारमा जानु भन्दा समूहमा जाँदा प्रभावकारी हुन्छ । आफ्ना मागबारे सम्बन्धित पक्षलाई बुझाउने, यसको औचित्य पुष्टि गर्ने र त्यसलाई सम्बोधन गराउन पहल गर्ने अगुवाहरू सुझबुझपूर्ण हुनै पर्छ । अध्ययन र शालीनताले सुझबुझपूर्ण बनाउने भएकाले यसलाई निरन्तरता दिनुपर्छ ।

- आइपिपीलाई जति बलियो, विश्वसनीय र ऐक्यबद्ध बनाउन सकियो, प्रभावितहरूको आवाज उति नै दरिलो हुन्छ । त्यसैले सबै प्रभावित मिलेर आफ्नो गाउँमा गठित आदिवासी सल्लाहकार परिषद्लाई सक्रिय बनाउने तथा आइपिपीसँग दरिलो सम्बन्ध राख्न लगाउने गर्नुपर्छ । सल्लाहकार परिषद् जति सक्रिय भयो उक्त ठाउँमा त्यति नै विकास निर्माणलगायत काम बढी हुन सक्छन् । यस्ता परिषद्ले जति घच्घच्याउन सक्यो आइपिपी त्यति नै बढी जागरुक हुन सक्छ । यस्तो बलियो र सक्रिय आइपिपीले मात्र सम्बन्धित निकायलाई दरिलो दबाब दिन सक्छ र माग पूरा गराउने हैसियत राख्छ । त्यसैले प्रभावित सबैले हाम्रो मुख्य बल नै आइपिपी हो भन्ने मान्यताका साथ अघि बढ्नुपर्छ र यसलाई व्यवहारमा पनि लागु गर्नुपर्छ ।

- स्थानीय सरकार सबैको साझा हो । त्यसैले कुनै पनि काम गर्दा आइपिपी, स्थानीय सरकार र आयोजनाको त्रिपक्षीय सहभागिता गराउन सक्नुपर्छ । यसो गर्दा उठान भएका विषय र यसको पूर्तिका लागि दिनुपर्ने दबाब वा अपनाउनुपर्ने क्रियाकलापमा सबैको अपनत्व हुन्छ । सबैले आफ्नो दायित्व ठानेपछि समस्या समाधान हुन सहज हुन्छ । एकले अर्कोलाई नजरअन्दाज गरेर अघि बढ्दा कहीँ पनि पुगिँदैन भन्ने हेक्का राख्नुपर्छ ।

- त्रिशूली नदी स्थानीयको सम्पत्ति हो । सम्पत्ति छ भनेर मात्र हुँदैन, त्यसको जति प्रयोग गर्न सक्यो उति सुविधा र सन्तुष्टि मिल्छ । त्यसैले यो सम्पत्तिको अधिक प्रयोगका लागि आयोजनालाई सघाउनुपर्छ भने आयोजनाले पनि स्थानीयको सम्पत्ति उपयोगबाट प्राप्त हुने लाभ बाँडफाँटका लागि हिच्किचाउनु हुँदैन । यसका लागि स्थानीय प्रभावितले तर्कसङ्गत वकालत, पैरवी र दाबी गर्न छाड्नु हुँदैन ।

- आदिबासी जनजाति सल्लाहकार परिषद्, आदिबासी जनजाति विकास योजना सञ्चालन बोर्ड, आदिबासी विकास योजना सञ्चालन कार्यक्रम समिति, आदिबासी योजना अनुगमन समिति सबैले आआफ्नो काम, कर्तव्य र अधिकार[२६] अनुसार अघि बढ्नुपर्छ । सीमा मिच्ने र उल्लेख भएको कर्तव्यअनुसार अघि नबढ्ने हो भने अधिकार प्राप्त हुन सक्दैन ।

स्थानीय सरकार सङ्घीयताको सबै भन्दा सुन्दर पक्ष हो । जसलाई गाउँघरमै उपस्थित सरकारका रूपमा लिइन्छ भने यसले स्थानीयका सबै पीरमर्का नजिकैबाट बुझ्ने भएकाले समाधान पनि प्रभावकारी हुने ठानिन्छ । आफ्नो क्षेत्रका सबैबारे गहिरो जानकारी राख्ने भएकाले उनीहरूको दुःख सुख बुझ्ने सबै भन्दा नजिकको आफन्त पनि स्थानीय सरकारबाहेक अरू हुन सक्दैन । त्यसैले यो आयोजना प्रभावितहरूको समस्या समाधानमा स्थानीय सरकारको भूमिका मह(िवपूर्ण छ । उसले चाहेमा धेरै समस्या स्वतः समाधान हुन्छन् भने धेरै समय लाग्ने समाधान चाँडो सार्न मद्दत पुग्छ ।

---

२६ माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजना (२१६ मे.वा.) स्वतन्त्र, अग्रिम जानकारीसहितको मन्जुरी (एफपिक) अन्तर्गत आदिबासी जनजाति विकास योजना (आइपिपी), कार्यक्रम सञ्चालन निर्देशिका, २०८० मा उल्लेख छ ।

त्यसैले आफ्ना मतदाताप्रति आइपरेका समस्या समाधानबाट स्थानीय सरकार अनविज्ञ हुन पाउँदैन भने यसबाट भाग्न पनि मिल्दैन ।

सबै ठाउँमा सरकार पुग्न सक्दैन । कतिपय समस्या यस्ता हुन्छन् जहाँ सरकार भन्दा सामाजिक सङ्घ/संस्थाको भूमिका बढी प्रभावकारी हुन सक्छ । त्यसैले यो आयोजना प्रभावितलाई आफ्नो हक/अधिकार प्राप्तिमा स्थानीय सङ्घ/संस्थाको भूमिका महत्वपूर्ण हुन्छ भने बाह्य सङ्घ/संस्थाले पनि आवश्यकताअनुसार सघाउन सक्छन् । विशेषगरी सामाजिक न्याय, आदिबासी अधिकार तथा भूमि अधिकारलाई केन्द्रमा राखेर कार्यरत सङ्घ/संस्थाले प्रभावित स्थानीयलाई अभिमुखीकरणमार्फत सशक्त तुल्याउन सक्छन् । उनीहरूका तर्फबाट वकालत गरिदिने, आयोजनालाई राष्ट्रिय/अन्तर्राष्ट्रिय सन्धि/नियम तथा आफैँले गरेका प्रतिबद्धता कार्यान्वयन गर्न झक्झक्याउने र आवश्यक परेमा दुवै पक्षबीच मध्यस्थता गर्नसमेत भूमिका निर्वाह गर्ने सम्भावना रहन्छ ।

- आदिवासी जनजाति योजना सञ्चालन बोर्डले नै बोर्ड जलविद्युत् आयोजना प्रभावित समुदायको हक, हित, संरक्षण र सम्वर्द्धन गर्ने उद्देश्यले स्थापना भएको एक स्वायत्त संयन्त्र भएको हुँदा यसले प्रभावित समुदायको आर्थिक, सामाजिक, शैक्षिक एवं सांस्कृतिकलगायतको क्षेत्रमा विभिन्न कार्यक्रम सञ्चालन गर्नका लागि स्थानीय, जिल्ला, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका विभिन्न सहयोगी निकायहरूसँग नजिकको सम्बन्ध स्थापना गरी समन्वय एवं सहकार्य गर्न सक्नेछ[२७] भनेको छ । त्यसैले सबैसँग मिलेर अघि बढ्नु नै समस्याको समाधानलाई प्रभावकारी बनाउने र नजिक्याउने सशक्त उपाय हुन सक्छ ।

- नेपाल आदिवासी जनजाति महासङ्घले आइपिपी बोर्डले कानुनी मान्यता पाएअनुसारको काम गरे वा नगरेको, कम्पनीले स्थानीयसँग गरेको सम्झौता र प्रतिबद्धताअनुसारको काम गरे वा नगरेको विषयमा निरन्तर अनुगमन गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा आवश्यकताअनुसार पैरवी गर्ने ।

---

२७ माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजना (२१६ मे.वा.) स्वतन्त्र, अग्रिम जानकारीसहितको मन्जुरी (एफपिक) अन्तर्गत आदिबासी जनजाति विकास योजना (आइपिपी), कार्यक्रम सञ्चालन निर्देशिका, २०८० ।

## खण्ड ९ :

# आयोजना प्रभावितको हक प्राप्तिका लागि चुनौती

विभिन्न राष्ट्रिय/अन्तर्राष्ट्रिय सन्धि तथा कानुनहरूले विकास निर्माणका क्रममा आदिबासी समुदायमाथि पुग्ने सम्भावित हानिको क्षति पूर्ति हुनुपर्ने व्यवस्था गरेका छन् । यो आयोजनाले पनि यस्तै प्रावधानका कारण स्थानीय प्रभावितसँग विभिन्न सम्झौता/सहमति गरेको छ । तर सहमति र सम्झौता आफैँमा समाधान हैनन्, यिनीहरू जबसम्म कार्यान्वयनमा आउँदैनन् र प्रतिफल दिन थाल्दैनन् तबसम्म समस्याले निकास पाउँदैन । त्यसैले माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजना (२१६ मे.) कार्यान्वयनका क्रममा भएका सहमति पनि सहजै लागु हुने देखिँदैन । एफपिकअन्तर्गत आयोजनाले जनाएको प्रतिबद्धता ५ वर्ष पूरा हुँदासमेत कार्यान्वयनमा नआउनुले पनि यसको पुष्टि गर्छ । यसरी हेर्दा यो आयोजना प्रभावितले आफ्नो हक/अधिकार प्राप्तिका लागि सामना गर्नुपर्ने मुख्य चुनौती निम्न देखिन्छ :

- स्थानीयहरू कसैको उक्साहटमा लागेर तथा सीमित स्वार्थका कारण आपसमा मिल्न नसक्नु ।
- आयोजनाले 'फुटाउ र राज गर' को नीति अवलम्बन गर्ने सम्भावना रहनु तथा स्थानीय प्रभावितले यसलाई बुझ्न नसक्नु ।
- स्थानीय सरकारले समस्या समाधानलाई राजनीतिक दृष्टिले हेर्नु अर्थात यो समस्या जीवितै राख्दा पो आफूहरूलाई फाइदा हुन्छ कि भन्ने हिसाबले सोच्नु ।
- विभिन्न दलका नेताहरूले स्थानीय प्रभावितका समस्यालाई राजनीति गर्ने विषयमा दुरुपयोग गर्नु ।

- स्वार्थकेन्द्रित समूहले आफ्नो प्रभाव देखाउन स्थानीय प्रभावितका समस्यालाई उचाल्न खोज्नु अर्थात प्रभावित र आयोजनाबीच सौहार्द्रपूर्ण वातावरण निर्माण गर्नुको सट्टा समस्यालाई भड्काउन खोज्नु ।

## मुख्य सिकाइ

यो परियोजनाका कारण प्रभावित आदिबासी जनजाति समुदायको हक/अधिकार प्राप्ति तथा आयोजनाको उद्देश्य हासिल गर्न सहजीकरण गर्ने उद्देश्यले सामुदायिक आत्मनिर्भर सेवा केन्द्र जोडिएपछि केही महत्वपूर्ण सिकाइ देखिएका छन् ।

१. आयोजना र स्थानीय प्रभावितबीच वैमनश्य थियो । एकातिर प्रभावितहरू आफूहरूसँग गरिएका प्रतिबद्धता/सम्झौता आयोजनाले पूरा नगरेको भन्दै रोष प्रकट गरिरहेका थिए भने अर्कोतर्फ आयोजना यसका लागि प्रभावितहरू एकजुट भएर आउन नसकेको बताएर पन्छिरहेको थियो । दुवै पक्षबीच दूरी बढ्दै गएको थियो । कतिपय बेला त आयोजनाको काम नै रोकिने गरी स्थानीय अवरोध सिर्जना गर्नसमेत बाध्य हुँदै आएका थिए ।

   यस्तो अवस्थामा सामुदायिक आत्मनिर्भर केन्द्रले दुवै पक्षबीच मध्यस्थकर्ताको भूमिका निर्वाह गरेको थियो । यस क्रममा प्रभावितलाई उनीहरूको हक अधिकारबारे जानकारी गराउने र त्यसका प्रक्रियाहरू जानकारी गराउने काम गरेको थियो भने अर्कोतर्फ आयोजनाका पदाधिकारीलाई प्रभावितसँग गरिएको प्रतिबद्धता/सम्झौता पूरा गर्न आकर्षित हुने राष्ट्रिय/अन्तर्राष्ट्रिय प्रावधानहरू सम्झाएको थियो । कतिपय अवस्थामा दुवै पक्षलाई राखेर संयुक्त बैठकहरूसमेत आयोजना गरिएका थिए ।

   यसरी एकातिर स्थानीयले प्रतिबद्धता/सम्झौता कार्यान्वयनका चरण तथा प्रक्रियाबारे जानकारी पाएकाले यही मार्गमा अग्रसर भए भने अर्कोतर्फ आयोजना पनि उनीहरू प्रक्रियागतरूपमा आएमा आफ्ना प्रतिबद्धता पूरा गर्न तयार रहेको बताउन बाध्य भयो । यसका लागि सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले सञ्चारकर्मीहरूलाई कार्यक्षेत्र भ्रमण गराइ सवाल बाहिर ल्याउन पहल गरेकाले आयोजनालाई यसबाट पनि दबाब पुग्न गएको थियो ।

यी सबैको निष्कर्ष के हो भने मध्यस्थता सही कार्यका लागि सही प्रकारले हुन सक्यो भने जस्तोसुकै समस्या पनि टुङ्गोमा पुऱ्याउन सकिन्छ । कतिपय अवस्थामा विभिन्न पक्षबीच वैमनश्य बढ्दै गएको तर उनीहरूबीच मिलनविन्दु खड्किरहेका बेला मध्यस्थता/सहजीकरण समस्याको मूल बुटीका रूपमा उपस्थित हुन सक्छ भन्ने आत्मनिर्भर केन्द्रले पुष्टि गरेको छ ।

२. नेपाल जलस्रोतमा धनी छ भन्नेमा विवाद छैन । त्यसैले यहाँ सयौँ जलविद्युत् आयोजना कार्यान्वयनमा छन् । यस्ता धेरै आयोजनामा माथिल्लो त्रिशूली-१, जलविद्युत् आयोजनाले अपनाएको एफपिक लागु भएको छैन अर्थात यो नेपालमा एफपिक लागु गर्ने पहिलो आयोजना हो । यस्तो अवस्थामा माथिल्लो त्रिशूली-१ मा भइरहेको अभ्यासबाट एकातिर प्रभावित र अझ त्यसमा पनि विशेषगरी आदिबासी जनजाति समुदायले कानुन/सन्धिप्रदत्त अधिकार पाउन सक्छन् भने अर्कोतर्फ आयोजनाहरूलाई स्थानीय प्रभावितप्रति आफ्नो दायित्व सम्झाउन र त्यसलाई कार्यान्वयन गराउन नैतिक तथा कानुनी जानकारी प्राप्त हुन्छ । त्यसैले यहाँको सिकाइ अन्य सबै जलविद्युत् आयोजनाका लागि पनि कोसे ढुङ्गा सावित हुन सक्छ ।

३. अर्को कुरा भनेको सबै अवस्थामा कानुन, सुरक्षा बल र धम्कीले मात्र समाधान निकाल्न सक्दैन भन्ने यो आयोजनामा प्रभावित र आयोजनाबीच देखिएको विवाद मत्थर पार्न अपनाइएको प्रक्रियाले प्रमाणित गरेको छ । कतिपय अवस्थामा स्थानीय स्तरमा भिजेका सामाजिक संस्थाहरू पनि विवाद निकासका लागि उपयुक्त माध्यम हुन सक्छन् भन्ने यहाँको अर्को सिकाइ हो । यो अभियानमा मध्यस्थता गर्ने सामुदायिक आत्मनिर्भर सेवा केन्द्र स्थानीयदेखि अन्तर्राष्ट्रिय तहसम्म पैरवी गर्ने संस्था भएको हुँदा र विभिन्न उपलब्धिमूलक अभियान सफलतापूवर्क सम्पन्न गरिसकेको हुँदा यसले अनुभवका आधारमा विभिन्न उपाय अवलम्बन गरेर सफल पैरवी गर्न सफल भयो । केहीले भूमिका नै नबुझी सामाजिक संस्थाहरूलाई दुत्कारिरहेका बेला यो आयोजनामा त्यस्तै संस्थाको सहभागिता र यसले निकालेको प्रतिफल अन्य ठाउँमा पनि लागु गर्न सकिन्छ । जसलाई सरकारी निकाय र आयोजनाहरूले मनन गर्नु उपयुक्त हुनेछ ।

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र
भूमिघर, टोखा-७, काठमाडौं, नेपाल
फोन : ९७७-१-४९६०४८६, ४९५७००५
इमेल : landrights@csrcnepal.org
वेबसाइट : www.csrcnepal.org